# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९६ | काठमाडौं | मंगलबार, १२ साउन २०८३ | Prabhab National Daily | Tuesday, 28 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## गगनमाथि संस्थापनइतरको गम्भीर आरोप

### पार्टीको गोप्य सूचना अमेरिकालाई दिने गरेको दाबी

- गगन थापा महामन्त्री छँदा नियत नै पार्टीको हितविपरीत र विधानविपरीत विशेष महाधिवेशन गरी आफूले पद हत्याउने देखिएको संस्थापनइतरको रिटमा उल्लेख
- विकिलिक्सलाई उद्धृत गर्दै सार्वजनिक कूटनीतिक केवलहरूमा थापाले नेपाली कांग्रेस र नेपालको आन्तरिक राजनीतिक रणनीतिको सूचना अमेरिकी दूतावासका अधिकारीहरूलाई गोप्यरूपमा चुहाउने गरेको आरोप
- सर्वोच्च अदालतबाट गगनलाई नै आधिकारिता निरन्तरता दिने निर्णय सुनाएका न्यायाधीश शारंगा सुवेदीको छोरा गगन गुटमा राजनीति गर्दै आएको आरोप



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको संस्थापनइतर समूहले सभापति गगन थापा अमेरिकी एजेन्ट भएको आरोप लगाएका छन् । पार्टीको आधिकारिकता पुनरावलोनका लागि दिइएको रिटमा १० जिकिर गर्दै संस्थापनइतरले थापालाई गम्भीर आरोप लगाएका हुन् ।

विकिलिक्सलाई उद्धृत गर्दै पुनरावलोकनका लागि दिइएको रिटमा अनधिकृतरूपमा पार्टीको अति गोप्य सूचना दिने गरेको दाबी गरिएको छ । 'विकिलिक्स केवल्सद्वारा सार्वजनिक गरिएको अमेरिकी दूतावासको गोप्य कूटनीतिक दस्तावेजहरूमा विपक्षी गगनकुमार थापाले नेपालको आन्तरिक राजनीतिक रणनीति र नेपाली कांग्रेस पार्टीका अति गोप्य संगठनात्मक सूचनाहरू काठमाडौंस्थित अमेरिकी दूतावासका अधिकारीहरूलाई अनधिकृतरूपमा ब्रिफिङ गर्ने गरेको तथ्य प्रकाशन गरेको छ,' रिटमा भनिएको छ ।

साउन ६ गते बुधबार पार्टीका पूर्वउपसभापति पूर्णबहादुर खड्काले आधिकारिकताको विषय पुनरावलोकनका लागि रिट दायर गरेका थिए । सर्वोच्चले विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगन पक्षलाई मान्यता दिने आदेश वैशाख ४ गते गरेको थियो । सर्वोच्चका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले थापा नेतृत्वको वर्तमान केन्द्रीय कार्यसमितिको पक्षमा निर्णय दिएको हो ।

संस्थापनइतरले यो इजलासमा न्यायाधीश सुवेदीको संलग्नतामाथिसमेत प्रश्न उठाएको छ । सुवेदीको छोरा गगन पक्षमा राजनीतिमा रहेको उल्लेख गर्दै यो निर्णय उल्टाउनुपर्ने दाबी गरिएको छ । 'सर्वोच्च अदालतबाट निर्णय गर्ने माननीय न्यायाधीश शारंगा सुवेदीको छोरा नेपाली कांग्रेसको सक्रिय राजनीतिमा संलग्न रही विपक्षी गगनकुमार थापाको प्यानलमा लागेर राजनितिक गतिविधि गरिरहनुभएको तथा सांगठनिक गतिविधिमासमेत प्रत्यक्षरूपमा क्रियाशील रहँदै आउनुभएको छ,' रिटमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

# सुरक्षा चुकले सुनसरी घटना

- मोहरम पर्वका बेला राखिएको एउटा झण्डालाई लिएर विवाद सुरु
- सोमबारको बोलबम यात्राका लागि बजाइएको डिजे बन्द गर्ने विषयमा दुई पक्षबीच विवाद हुँदा तनाव
- स्थिति नियन्त्रणमा लिन प्रहरीले गोली चलाउँदा देवानगञ्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहताको मृत्यु
- घटनामा नौ जना सर्वसाधारण, १० जना नेपाल प्रहरी र पाँच जना सशस्त्र प्रहरी गरी २४ जना घाइते
- घटना हुँदा सुनसरीका प्रमुख सुरक्षा अधिकारीहरु जिम्मेवारीमै थिएनन्
- घटनापछिको अवस्था नियन्त्रणमा लिन सेना परिचालन, विभिन्न स्थानमा कर्फ्यु
- घटनाको निष्पक्ष अनुसन्धान, दोषीमाथि कानुनी कारबाही, मृतक परिवारलाई राहत, घाइतेको निःशुल्क उपचार तथा सामाजिक सद्भाव कायम गर्न राष्ट्रिय मानवअधिकार आयोगद्वारा सरकारलाई निर्देशन



*तस्बिरहरू: सामाजिक सञ्जालबाट साभार*

■ **जेबी योञ्जन**

**काठमाडौं–** सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा आइतबार राति भएको साम्प्रदायिक तनावले हिंसात्मक रूप लिंदा एक युवकको ज्यान गएको छ भने २४ जना घाइते भएका छन् । घटनापछि सुनसरीसहित सप्तरी र सिरहामा पनि तनाव फैलिएको छ । सरकारले सुरक्षा नेतृत्व नै हेरफेर गरेको छ भने राष्ट्रिय मानवअधिकार आयोगले निष्पक्ष अनुसन्धानको माग गर्दै छानबिन सुरु गरेको छ ।

प्रहरीको गोली लागेर देवानगञ्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको हो । घटनामा नौ जना सर्वसाधारण, १० जना नेपाल प्रहरी र पाँच जना सशस्त्र प्रहरी गरी २४ जना घाइते भए । घाइतेहरूको विराटनगरका विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

स्थानीयका अनुसार घटनाको मूल कारण मोहरम पर्वका बेला राखिएको एउटा झण्डा थियो । मोहरमका क्रममा एउटा समुदायले मोहरम खेल्ने स्थानमा झण्डा राखेको थियो । पर्व सकिएपछि अर्को समुदायले उक्त झण्डा हटाउन आग्रह गर्दै आएको थियो । तर, झण्डा नहटाइएपछि विवाद विस्तारै चर्किंदै गयो ।

यो विषय गाउँपालिका अध्यक्ष बेचनकुमार मेहतासम्म पुगेको थियो । अध्यक्षले झण्डा हटाउन आग्रह गरे पनि सहमति हुन सकेन । स्थानीयका अनुसार सुरक्षा निकायलाई पनि विवादबारे पहिलेदेखि जानकारी थियो । तर, दुवै पक्षलाई राखेर समयमै संवाद गराउने र समाधान निकाल्ने प्रयास प्रभावकारीरूपमा हुन नसकेको आरोप अध्यक्ष मेहेताले लगाए ।

उनले मोहरमका लागि छुटयाइएको स्थानमा राखिएको झण्डा हटाउने विषय नै अहिलेको घटनाको मुख्य जरो बनेको दाबी गरे ।

क्रमशः पृष्ठ २ मा




संवेदनशील जिल्लाका सुरक्षा कमाण्ड सम्हालेकाहरु एकैपटक बिदामा बस्नु हुँदैन, सुनसरीमा बसेको पाइयो, कमाण्डर नहुँदा चेन अफ कमाण्डमा असर पर्छ । त्यहाँ सुरक्षा चुक देखियो ।

■ **हेमन्त मल्ल**
पूर्वडिआइजी



यो घटनामा कुनै पनि हालतमा गोली चलाउनुपर्ने अवस्था छँदै छैन । जसले नागरिकमाथि गोली चलायो अत्यन्त गम्भीर र खेदजनक छ । गर्नै नहुने काम भयो ।

■ **लालविक्रम थापा**
प्रतिनिधिसभा सदस्य, रास्वपा



नागरिकको ज्यान जानेगरी गोली चलाउनुपर्ने अवस्था किन आयो ? सामाजिक सद्भावमा असर पार्न सक्ने संवेदनशील परिस्थितिमा राज्य अझ बढी संयमित, सतर्क र जिम्मेवार भएर प्रस्तुत हुनुपर्थ्यो ।

■ **गगन थापा**
सभापति, नेपाली कांग्रेस

### 'गोली चलाउनुपर्ने अवस्था नै थिएन'

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद लालविक्रम थापाले सुनसरीको देवानगञ्ज घटनामा प्रहरीले नागरिकमाथि गोली चलाउनु अत्यन्तै गम्भीर र खेदजनक भएको बताएका छन् । सुनसरी-२ बाट निर्वाचित प्रतिनिधिसभा थापाले सोमबार घटनास्थल पुगेर प्रहरीले गोली चलाउनुपर्ने अवस्था नै नरहेको दाबी गर्दै आक्रोश पोखेका हुन् ।

'कुनै पनि हालतमा गोली चलाउनुपर्ने कन्डिसन छँदै छैन यो घटनामा,' सांसद थापाले भने, 'जसले गर्‍यो यो खेदजनक छ ।' उनले आफूलाई उक्त विवादको बारेमा पहिले नै जानकारी रहेको र प्रहरी अधिकारीहरूसँग संवेदनशीलताको विषयमा सोधे पनि यथार्थ जानकारी नदिएको भन्दै आक्रोश पोखे ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## एसभिपीको विषय नटुंगिए साउदीको झण्डै ५० प्रतिशत रोजगारी गुम्ने



सीप प्रमाणीकरण नहुँदा सबैभन्दा धेरै श्रमिक जाने पाँच वटा क्षेत्रमा साउदीले श्रमिक लिइरहेको छैन । यसको समाधान सरकारले कूटनीतिक माध्यमबाट त्यहाँको उच्चस्तरीय संयन्त्रसँग संवाद गरेर खोज्नुपर्छ ।

■ **डिकबहादुर खत्री**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



यो साउदी र नेपालको निजी क्षेत्रबीचको समझदारीमा कार्यान्वयन गरेको भनिएको छ । हामीलाई जानकारी गराइएको छैन । एकचोटि सरकारीस्तरमै छलफल गरेर निचोड निकाल्नुपर्ने देखिएकाले अहिले स्थगन गर्न भनेका छौं । यस विषयलाई छिट्टै टुंग्याउँछौं ।

■ **पिताम्बर घिमिरे**
प्रवक्ता, श्रम मन्त्रालय




■ **ममता थापा**

**काठमाडौं–** सीप प्रमाणीकरण कार्यक्रम (एसभिपी)को विषय निचोडमा नपुगेसम्म साउदी अरबको ठूलो रोजगारी रोजगारी गुम्ने देखिएको छ । साउदीबाट आउने कूल मागमध्ये सीप प्रमाणीकरण आवश्यक भनिएका पाँचवटा क्षेत्रमा सबैभन्दा धेरै श्रमिक जाने गरेको व्यवसायी बताउँछन् । सीप प्रमाणीकरण नगरी श्रमिकहरूले भिसा नपाउने भएपछि करिव ५० प्रतिशत श्रमिक रोजगारीको अवसरबाट वञ्चित हुने जनाइएको छ ।

गत असार २ गते नेपालस्थित साउदी दूतावासले सूचना जारी गर्दै ३ गते बुधबारदेखि रोजगारीमा जाने कामदारको अनिवार्य सीप प्रमाणीकरण गर्ने भनेको थियो । सोही दिन सीप प्रमाणीकरण गर्ने संस्थाको कार्यालय उद्घाटनको तयारी भएपछि व्यवसायीले संस्थामा तोडफोड गरेर उद्घाटन कार्यक्रम बिथोलिदिएका थिए ।

यद्यपि, साउदी जान सम्पूर्ण प्रक्रिया पूरा गरेर बसेका श्रमिकहरूको भिसा रोकिएपछि केही व्यवसायीले सरकारबाट आधिकारिकता नपाएकै संस्थामार्फत प्रमाणीकरण गराएर पठाए । तर साउन ६ गते सीप प्रशिक्षणको इजाजत लिएर सीप प्रमाणीकरण गरिरहेको इन्डस्ट्री ट्रेनिङ इन्स्टिच्युट (आइटिआई)मा युवा, श्रम तथा रोजगार मन्त्रालयले सिलबन्दी गरेपछि पाँचवटा क्षेत्रको रोजगारी पूर्णरूपमा बन्द भएको जनाइएको छ ।

आधिकारिकताबिनाको संस्था बन्द गराएर सरकारले सही कदम चाले पनि यसबाट धेरै रोजगारी गुम्ने साउदी अरबको काम गर्दै आएका ओभरसिज इम्प्लोइमेन्ट प्रालिका सञ्चालक अख्तर हुसेन बताउँछन् । सीप प्रमाणीकरण गर्ने भनेका क्षेत्रमा झण्डै ५० प्रतिशत श्रमिक जाँदै आएको उनको भनाइ छ । लोड अनलोड र निर्माण क्षेत्रमा धेरै अदक्ष तथा अर्धदक्ष श्रमिक जाने गरेको हुसेनले बताए ।

'सबैभन्दा बढी लोड, अनलोडमा जान्छन् । त्यसपछि कन्स्ट्रक्सनमा लेबरहरू जान्छन् । मेसन, कार्पेन्टर, स्टिल फिक्सर जस्ता पेसामा जानेहरू कन्स्ट्रक्टिङअन्तर्गत पर्छन्,' उनले भने, 'ह्विलब्यारोमा अलि कम नै जान्छन् । त्यसैले दूतावासले वर्गीकरण गरेको क्याटगोरीमा झण्डै ५० प्रतिशत कामदार जाने गरेका छन् ।' साउदी दूतावासका अनुसार अहिले लोड/अनलोड, क्यारियर, ह्विलब्यारो, कन्स्ट्रक्सन र कन्स्ट्रक्टिङ पदमा जाने श्रमिकका लागि सीप प्रमाणीकरण आवश्यक पर्छ ।

क्रमशः पृष्ठ २ मा

## मुलुककै पहिलो सुरुङमार्ग सञ्चालनमा

- नागढुंगा-सिस्नेखोला सुरूङमार्गको औपचारिक उद्घाटन
- तत्कालका लागि अत्यावश्यक सवारीसाधनलाई मात्र प्रवेश अनुमति
- तीन महिना परीक्षणपछि अन्य सवारीसाधन सञ्चालन गरिने
- सुरूमा मार्गमा प्रवेश गर्ने सवारीसाधनका लागि शुल्क निर्धारण
- दुईपांग्रे सवारी र पैदलयात्रीलाई प्रवेश निषेध



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नागढुंगा-सिस्नेखोला सुरुङमार्गको उद्घाटनसँगै मुलुक सुरुङ युगमा प्रवेश गरेको छ । मुलुककै पहिलो यो सुरुङमार्गको सोमबार पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)का अध्यक्ष तानाका अकिहिको तथा नेपालका लागि जापानी राजदूत माएदा तोरुले संयुक्तरूपमा उद्घाटन गरे । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७६ कात्तिक ४ गते उक्त सुरुङमार्गको सिलान्यास गरेका थिए ।

उद्घाटनका अवसरमा जाइकाका अध्यक्ष तानाकाले नागढुंगा-सिस्नेखोला सुरुङमार्गलाई नेपालको यातायात विकास यात्राको ऐतिहासिक तथा रूपान्तरणकारी उपलब्धि भएको बताए । उनले यो परियोजना केवल पूर्वाधार निर्माणमा सीमित नरही नेपाल-जापान सहकार्यको नयाँ अध्यायको सुरुआत भएको उल्लेख गरे ।

उनले सुरुङ योजना, निर्माण, सञ्चालन तथा मर्मतसम्भारसम्बन्धी क्षमता अभिवृद्धिका लागि नेपाल र जापानबीच नयाँ प्राविधिक सहयोग परियोजना सुरु गरिएको जानकारी दिए । हालै स्वीकृत उक्त परियोजनाले सुरुङ पूर्वाधार विकासमा दुई देशबीचको सहकार्यलाई थप विस्तार गर्ने विश्वास व्यक्त गरे ।

क्रमशः पृष्ठ २ मा

# सातबुँदे सहमतिपछि डा. केसीले तोडे अनसन

■ प्रभाव संवाददाता

**काठमाडौं–** डा. गोविन्द केसीको अनसन पाँच दिनपछि तोडिएको छ । सरकारी वार्ता टोलीसँग सातबुँदे सहमति भएपछि सोमबार उनले अनसन तोडेका हुन् ।

कैलालीको धनगढीमा विगत पाँच दिनदेखि अनसनरत डा. केसीसँग वार्ता गर्न पुगेको सरकारी टोलीले दुई दिनदेखि लगातार वार्ता जारी राखेको थियो । सोमबारको वार्तामा सातबुँदे सहमति भएसँगै उनी अनसन तोड्न तयार भएका हुन् ।

सहमतिपत्रमा प्रतिनिधिसभा सदस्य पुकार बम, प्रधानमन्त्री वालेन्द्र शाहका स्वास्थ्य सल्लाहकार प्रा.डा. जगदिशप्रसाद अग्रवालको रोहबरमा डा. केसी तथा सरकारका तर्फबाट शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चूडामणि पौडेल, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटा, शिक्षा मन्त्रालयका सहसचिव चन्द्रकान्त भुसालले हस्ताक्षर गरेका छन् ।

सरकारद्वारा गठित वार्ता टोली र डा. केसीबीच भएको सहमतिमा कैलालीको गेटास्थित सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई पूर्णक्षमतामा सञ्चालनदेखि चिकित्सा शिक्षा सुधारसम्बन्धी विषय समेटिएका छन् ।

सहमतिअनुसार सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, गेटालाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक जनशक्ति र पूर्वाधारको व्यवस्था गरिने भएको छ । विश्वविद्यालयलाई राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार कम्तीमा ३०० शयचाको शिक्षण अस्पताल सञ्चालन गर्न दिइने र आवश्यक समन्वय शिक्षा तथा खेलकुद मन्त्रालय र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले गर्ने सहमति भएको छ ।

यस्तै, विश्वविद्यालयको समस्यालाई सम्बोधन गर्दै पठनपाठन, जनशक्ति भर्ना, पाठ्यक्रमको स्वीकृति तथा आवश्यक शैक्षिक तयारी यथाशीघ्र पूरा गरिने उल्लेख छ । ३०० शयचाको शिक्षण अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति तथा उपकरण व्यवस्थापनको काम तत्काल अघि बढाइने सहमति पनि भएको छ ।

चिकित्सा शिक्षा सुधारका विषयमा पनि सरकारले आवश्यक कानुनी संशोधन प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाइएको छ । विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा गेटा विश्वविद्यालयसम्बन्धी व्यवस्था समेटी विश्वविद्यालयका पदाधिकारीको योग्यता, नियुक्तिलगायत विषय समेटी संसद्को चालु अधिवेशनमै पेस गर्ने सहमति भएको छ ।

सहमतिमा राष्ट्रिय चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षा प्रदान गर्ने संस्थाको गुणस्तर मूल्यांकन तथा सिट निर्धारण गर्दा एकीकृत कार्यविधि, २०८३ अनुसार मापदण्ड लागू गर्ने उल्लेख छ । निजी शिक्षण संस्थाको सिट नबढाइने तर सरकारी शिक्षण संस्थाको सिट आवश्यकताअनुसार बढाउन बाधा नपर्ने व्यवस्था कायम रहने र ऐनमा भएको व्यवस्थाअनुसार छात्रवृत्तिसम्बन्धी व्यवस्था यथावत् राख्ने सहमति भएको छ ।

यसैगरी, सरकारी स्वामित्वका चिकित्सा शिक्षण संस्थालाई क्रमशः गैरनाफामूलक तथा सेवामूलक संस्थाका रूपमा सञ्चालन गर्ने विषयमा अध्ययन गरी छ महिनाभित्र प्रतिवेदन पेस गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले उच्चस्तरीय कार्यदल गठन गर्न नेपाल सरकारसमक्ष पेस गर्ने सहमति भएको छ ।

सुदूरपश्चिमलगायत सीमावर्ती क्षेत्रका नागरिकलाई स्वास्थ्य, शिक्षा, यातायात र रोजगारीका लागि सीमापार जानुपर्ने बाध्यता अन्त्य गर्न आवश्यक पूर्वाधार तथा सेवा विस्तारमा संघ र प्रदेश सरकारबीच समन्वय र सहजीकरण गर्ने सहमति पनि भएको छ ।

यस्तै, २०८२ भदौ २३ र २४ गते भएका जघन्य अपराध, आगजनी, लुटपाट तथा विनाशका घटनामा संलग्न दोषीलाई कानुनी कारबाही गर्न र वि.सं. २०४६ देखि हालसम्म उच्च पदस्थ राजनीतिज्ञ र पदाधिकारीबाट भएका भ्रष्टाचार एवं अपराधका घटनाको निष्पक्ष छानबिनमा थप तदारुकता दिने विषय पनि सहमतिपत्रमा समेटिएको छ ।

यसैगरी विगतमा भएका सहमति कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन पेस गर्न शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्चता मन्त्रालय, चिकित्सा शिक्षा आयोगको प्रतिनिधित्व रहनेगरी कार्यदल गठन गर्ने र यससम्बन्धमा अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा एक अनुगमन समिति रहने सहमतिमा उल्लेख छ ।

# विज्ञापन प्रसारण गर्न बोर्डको अनुमति अनिवार्य

**काठमाडौं (प्रस)–** विज्ञापन बोर्डले मुलुकभित्र प्रसारण हुने सबै श्रव्य, दृश्य तथा श्रव्यदृश्य विज्ञापन सामग्री प्रसारण गर्नुअघि अनिवार्य रूपमा बोर्डबाट परीक्षण गराई प्रसारण अनुमति लिनुपर्ने जनाएको छ ।

बोर्डले सोमबार सूचना जारी गर्दै बोर्डको स्वीकृति नलिई विभिन्न सञ्चारमाध्यमबाट विज्ञापन प्रसारण भइरहेको, विज्ञापनकर्ताको नाम, ठेगाना, चेतावनीमूलक सन्देशलगायत अनिवार्य विवरण उल्लेख नगरिएको तथा तथ्यहीन, अतिरञ्जित र उपभोक्तालाई भ्रममा पार्ने सामग्रीसमेत प्रसारण भएको पाइएको जनाएको छ ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५(ख), विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम (५) तथा विज्ञापन प्रसारण सामग्री परीक्षणसम्बन्धी मापदण्ड, २०७८ (पहिलो संशोधन, २०८०) अनुसार विज्ञापन सामग्री परीक्षण तथा अनुमति दिने अधिकार विज्ञापन बोर्डमा रहेको छ ।

बोर्डले नेपालमा प्रसारण हुने सबै श्रव्य, दृश्य तथा श्रव्यदृश्य विज्ञापन सामग्री प्रसारणअघि अनिवार्यरूपमा परीक्षण गराई अनुमति लिन तथा हालसम्म परीक्षण नगराई प्रसारण भइरहेका विज्ञापन सामग्री तत्काल परीक्षण गराई कानुनी प्रक्रिया पूरा गर्न सम्बन्धित सबै पक्षलाई निर्देशन दिएको हो ।

प्रचलित कानुनविपरीत रहेका विज्ञापन सामग्री तत्काल हटाउन भनिएको छ । कानुनी व्यवस्था उल्लंघन गरी विज्ञापन प्रसारण गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने बोर्डले जनाएको छ ।

पृष्ठ १ बाट क्रमशः

## सुरक्षा...

'सम्भावित घटनाबारे हामीले पहिल्यै सुरक्षा निकायलाई भनेका थियौं तर बेवास्ता गरियो र यो अवस्था आयो,' उनले प्रभावसँग भने ।

उनका अनुसार आइतबार साँझ साउने सोमबारको बोलबम यात्राका लागि एउटा समूहले डिजेसहित गानाबजाना गरिरहेको थियो । राति करिब ९ बजेतिर अर्को समुदायका केही व्यक्ति आएर डिजेको आवाजले असहज भएको भन्दै रोक्न खोजे । त्यसपछि दुवै पक्षबीच भनाभन सुरु भयो । सुनसरी-२ का प्रतिनिधिसभा सदस्य लालविक्रम थापाका अनुसार यही विवाद भइरहेका बेला अचानक विद्युत् आपूर्ति बन्द भयो ।

उनले भने, 'यही विवादकाबीचमा विद्युत् अवरुद्ध भयो । यसलाई संयोगमात्रै मान्न सकिँदैन ।' उनका अनुसार करिब दुई घण्टापछि मात्रै बिजुली आयो । त्यतिबेलासम्म बजार क्षेत्र तनावग्रस्त बनिसकेको थियो ।

घटनास्थलमा प्रहरी पुगेपछि एउटा समूह पछि हटेको थियो । तर, अर्को समूहसँग प्रहरीको विवाद सुरु भयो । केहीबेरमै सशस्त्र प्रहरी पनि त्यहाँ पुग्यो । तत्कालीन प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेका अनुसार प्रदर्शनकारीले सुरक्षाकर्मीलाई घेरेर ढुंगामुढा गरेपछि हवाई फायर गरिएको थियो ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीले गरी २५ राउण्ड हवाई फायर गरेका दाबी गरेका छन् । तर, त्यसक्रममा गोली सर्वसाधारणलाई लाग्यो । गोली लागेर घाइते भएका मिथलेश मेहताका बुबा दिलीप मेहताले भने, 'झण्डा टाँग्ने विषयमा झडप भयो । प्रहरीले कसरी गोली चलायो थाहा भएन । सुरुमा कतैबाट लाठी प्रहार भएको थिएन । उता प्रहरी, यता सर्वसाधारण थिए । उताबाट फायर आयो ।'

घटना हुँदा सुनसरीका प्रमुख सुरक्षा अधिकारीहरू जिम्मेवारीमै थिएनन् । जिल्ला प्रहरी प्रमुख एसपी केशवकुमार थेवे बिदामा थिए । उनको स्थानमा डिएसपी चन्द्र खड्का निमित्त प्रमुख थिए ।

कोशी प्रदेश प्रहरी प्रमुख डिआइजी विनोद घिमिरे पनि बिदामा थिए । सशस्त्र प्रहरी बल नम्बर-४ गण इनरुवाका प्रमुख एसपी श्यामकुमार कार्की यसअघि नै मुख्यालय तानिएका थिए । उनको स्थानमा नयाँ गणपति नियुक्त भइसकेका थिएनन् ।

सीमावर्ती संवेदनशील जिल्लामा एकैपटक सुरक्षा नेतृत्व कमजोर भएका बेला विवाद हिंसामा परिणत भएको भन्दै सुरक्षा संयन्त्रको गम्भीर आलोचना भइरहेको छ । नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल सुरक्षा कमाण्ड सम्हालेकाहरू एकैपटक बिदामा बस्नु नै गलत भएको बताउँछन् । 'संवेदनशील जिल्लाका सुरक्षा कमाण्ड सम्हालेकाहरू एकैपटक बिदामा बस्नु हुँदैन, सुनसरीमा बसेको पाइयो, कमाण्डर नहुँदा चेन अफ कमाण्डमा असर पर्छ,' उनले भने, 'त्यहाँ सुरक्षा चुक देखियो ।'

घटनापछि स्थानीय प्रशासनले हरिनगरा, भुटाहा, कप्तानगञ्ज, घुस्की र देवानगञ्ज बजार क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ । कर्फ्युकाबीच पनि सोमबार केही स्थानमा प्रदर्शन भए । देवानगञ्जमा घर, पसल, ट्याक्टर र मोटरसाइकलमा आगजनी भयो । इनरुवामा बजाज शोरुम, प्रहरी बिट तथा अन्य सार्वजनिक सम्पत्तिमा तोडफोड भयो । केहीबेर पूर्व-पश्चिम राजमार्ग पनि अवरुद्ध भयो । अवस्था नियन्त्रणबाहिर जान थालेपछि स्थानीय प्रशासनले नेपाली सेना परिचालन गरेको जनाएको छ ।

घटनापछि गृहमन्त्री सुधन गुरुङले सुरक्षा अधिकारीहरूसँग छलफल गरी गृह मन्त्रालयका सहसचिव भुपेन्द्र थापाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेका छन् । समितिलाई एक साताभित्र प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ ।

सरकारले तत्काल सुरक्षा नेतृत्वमा पनि व्यापक हेरफेर गरेको छ । प्रमुख जिल्ला अधिकारी घिमिरेलाई फिर्ता बोलाइएको छ । संखुवासभाका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याललाई सुनसरी पठाइएको छ । डिआइजी विनोद घिमिरेलाई प्रहरी प्रधान कार्यालय तानेर डिआइजी शेखर खनाललाई कोशी प्रदेश पठाइएको छ । एसपी केशवकुमार थेवेलाई भैरहवा सरुवा गरी एसपी पुष्पराज मल्ललाई सुनसरीको जिम्मेवारी दिइएको छ ।

सुनसरी घटनाको विरोधमा सोमबार सप्तरीको राजविराजमा प्रदर्शन भयो । प्रदर्शनकारीले निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र पीडित परिवारलाई न्यायको माग गर्दै ज्ञापनपत्र बुझाए । सोमबार सिरहाको कर्जन्हामा केहीबेर पूर्व-पश्चिम राजमार्ग अवरुद्ध भएको थियो । पछि प्रहरीको सम्झाइबुझाइपछि अवस्था सामान्य बनेको थियो ।

सप्तरीमा बसेको सर्वदलीय बैठकले सामाजिक सद्भाव कायम राख्ने, अफवाह नफैलाउने र धार्मिक सहिष्णुता जोगाउने सहमति गरेको छ ।

घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगले घटनाको अनुसन्धान सुरु गर्दै प्रारम्भिक अनुगमनमा पोलमा झण्डा राख्ने विषयबाट सुरु भएको विवाद डिजे बजाउने क्रममा चर्किएको र त्यसपछि झडप तथा प्रहरीको गोली चलेको देखिएको जनाएको छ । आयोगले निष्पक्ष अनुसन्धान, दोषीमाथि कानुनी कारबाही, मृतक परिवारलाई राहत, घाइतेको निःशुल्क उपचार तथा सामाजिक सद्भाव कायम गर्न सरकारलाई निर्देशन दिएको छ ।

■■■

## गोली...

प्रशासन र सुरक्षा निकायबीच समन्वय अभाव हुँदा उक्त घटना भएको प्रस्ट देखिएको उनको भनाइ थियो । 'सिडिओ साबलाई सोध्दा उहाँले मलाई जानकारी छैन भन्नुभाछ । एसपी साबलाई फोन गर्दा एसपी साबले फोन उठाइराख्नुभा छैन र अरु कसैले उठाइराछ,' सांसद थापाले भने, 'मेरो नागरिकमाथि गोली चलाएको छ । अत्यन्तै गर्नै नहुने काम भयो ।'

घटनापछि नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राज्य संयमित हुन नसकेको भन्दै सरकारको आलोचना गरेका छन् । उनले भने, 'नागरिकको ज्यान जानेगरी गोली चलाउनुपर्ने अवस्था किन आयो ? सामाजिक सद्भावमा असर पार्न सक्ने संवेदनशील परिस्थितिमा राज्य अझ बढी संयमित, सतर्क र जिम्मेवार भएर प्रस्तुत हुनुपर्थ्यो ।' थापाले स्वतन्त्र, निष्पक्ष र विश्वासयोग्य छानबिन, घाइतेको उपचार तथा मृतक परिवारलाई उचित सहयोग गर्न सरकारसँग माग गरेका छन् ।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले घटनाको प्रत्यक्ष जिम्मेवारी सरकारले लिनुपर्ने बताएका छन् । उनले भने, 'यो घटनाको जवाफ गृहमन्त्रीले दिनुपर्छ । शान्ति, सुव्यवस्था कायम गर्न नसक्नु गृह मन्त्रालयको कमजोरी हो । यो घटनाको जिम्मेवारी सरकारले लिनुपर्छ ।'

आङ्देम्बेले हिंसा, आगजनी र प्रतिशोधबाट समाधान ननिस्कने भन्दै निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र सुरक्षाकर्मीले अधिकतम संयमता अपनाउनुपर्नेमा जोड दिएका छन् । नेकपा एमालेका नेता गोकुल बास्कोटाले भने घटनापछि गृहमन्त्री सुधन गुरुङको राजीनामा मागेका छन् ।

■■■

## गगनमाथि...

'आफ्नो मुद्दामा आफैं न्यायाधीश हुन नसक्ने कानुनी सिद्धान्त रहेको छ । विवादित विषयमा न्यायकर्ताको छोराले राजनीतिक गतिविधि गर्दै आइरहेको अवस्थामा सोही विषयको विवादमा न्यायाधीश हुँदा स्वार्थको द्वन्द्व हुन जान्छ । यदि न्यायाधीश र विवादित पक्षबीच प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वार्थको सम्बन्ध देखिन्छ भने उक्त न्यायाधीशले इजलासबाट आफूलाई अलग राख्नुपर्छ ।'

सुवेदीले आफ्नो स्वार्थ जोडिने मुद्दामा इजलासबाट अलग नभई पूर्वाग्रहीरूपमा रिट निवेदन खारेज गरेकाले उक्त इजलासबाट भएको फैसला न्यायिक आचारसंहिताविपरीत भएको उक्त रिटमा दाबी गरिएको छ । रिटमा न्यायाधीश सुवेदीको छोराको नाम भने उल्लेख गरिएको छैन ।

गत पुस अन्तिममा भृकुटीमण्डपमा भएको विशेष महाधिवेशनले गगनको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो । निर्वाचन आयोगले २०८२ माघ २ गते गगन नेतृत्वलाई आधिकारिकता दिएपछि देउवापक्ष माघ ४ गते सर्वोच्च अदालत गएको थियो ।

यसैगरी रिटमा विशेष महाधिवेशन गर्न किर्ते हस्ताक्षर प्रयोग भएको दाबीसमेत गरिएको छ । कूल ५४ प्रतिशत भनी दाबी गरिए पनि ३४ प्रतिशतमात्र विशेष महाधिवेशनका लागि हस्ताक्षर सही भएको रिटमा दाबी गरिएको छ । 'पार्टीभित्र कूल चार हजार ७०० भन्दा बढी महाधिवेशन प्रतिनिधि कायम रहेको अवस्थामा विपक्षीहरूले निर्वाचन आयोगमा किर्ते गरेको र झुक्याएको प्रस्ट छ । संख्यामा दुई हजार ४८८ जना विशेष महाधिवेशन प्रतिनिधिहरू सहभागी रहेको भनिएता पनि विशेष महाधिवेशन र त्यसको निर्वाचन प्रक्रियालाई अस्वीकार गरी ८८८ जना महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर फिर्ता लिएको भनी केन्द्रीय कार्यसमितिमा निवेदन दिएको अवस्था छ,' रिटमा भनिएको छ, 'विशेष महाधिवेशन आह्वान गर्न माग गरी बुझाइएको निकायमा नै हस्ताक्षर फिर्ता गरेको निवेदन पेस गरेको अवस्था छ । हस्ताक्षर फिर्ता गरेको प्रतिनिधिहरूले नै फिर्ता लिएको अवस्थामा अल्पमतको एक गुटलाई निर्वाचन आयोगले दलको आधिकारिकता सुम्पिनु र त्यसलाई सर्वोच्च अदालतलेसमेत सदर गर्नु 'अल्पमतको स्वेच्छाचारिता' लाई प्रश्रय दिनु हो ।'

त्यसैगरी संस्थापइतरले गगनको नियत नै पद हत्याउने खालको देखिएको दाबी गरिएको छ । महामन्त्री हुँदा क्रियाशील सदस्यता छानबिन समितिको संयोजक भएका गगनले आफ्नो काम पूरा नगरेकोले यो पुष्टि भएको जिकिर रिटमा छ । 'तीन महिनाभित्रको अवधिमा नियमित महाधिवेशन सम्पन्न गर्ने उद्देश्यले तत्कालको अवस्थामा महामन्त्री विपक्षी मध्येका गगन कुमार थापालाई क्रियाशिल सदस्यता छानविन गर्ने समिति संयोजक बनाइ कार्यतालिकासमेत प्रकाशन गरिएको थियो । तर निज विपक्षीले तोकेको जिम्मेवारी पूरा गर्नुभएन । निज विपक्षीको नियत नै पार्टीको हितविपरीत र विधानविपरीत विशेष महाधिवेशन गरी आफूले पद हत्याउने पदलोलुपता भएकै कारण समयमा कार्यसम्पन्न नगरेको प्रस्ट हुन्छ,' रिटमा दाबी गरिएको छ ।

■■■

## एसभिपीको विषय...

यो नियम विस्तारै अन्य पेसामा विस्तार गर्दै लगिने भनिएको छ । यसका लागि श्रमिकले सैद्धान्तिक र प्रयोगात्मक परीक्षाबापत करिब १०० डलर (१५ हजार रूपैयाँ) तिर्नुपर्ने छ ।

सीप प्रमाणीकरण नगर्दा धेरै श्रमिक नलिने अवस्था भएकाले सरकारले कूटनीतिक माध्यमबाटै यसको टुंगो लगाउनुपर्ने नेपाल वैदेशिक राजेगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए । 'सीप प्रमाणीकरण नहुँदा सबैभन्दा धेरै श्रमिक जाने पाँच वटा क्षेत्रमा साउदीले श्रमिक लिइरहेको छैन । यसको समाधान सरकारले कूटनीतिक माध्यमबाट त्यहाँको उच्चस्तरीय संयन्त्रसँग संवाद गरेर खोज्नुपर्छ,' खत्रीले भने ।

### सरकारीस्तरमै छलफल गर्छौं: प्रवक्ता घिमिरे

नेपालले एसभिपी कार्यान्वयन नगराउन अनुरोध गरिरहँदा साउदी अरब भने सीप प्रमाणीकरण नगरी भिसा नदिने अडानबाट पछि हटेको छैन । एसभिपी कार्यान्वयन गराउने विषयमा नेपाल सरकारसँग समन्वय गर्नेभन्दा पनि साउदीले नेपालको निजी क्षेत्रसँग मिलेर कार्यान्वयनमा ल्याउन खोजेको जस्तो देखिएको श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए । यसले रोजगारीमा पर्ने असरलाई मध्यनजर गर्दै छिट्टै टुंग्याउने प्रयास भइरहेको उनले बताए ।

'यो साउदी र नेपालको निजी क्षेत्रबीचको समझदारीमा कार्यान्वयन गरेको भनिएको छ । हामीलाई जानकारी गराइएको छैन,' उनले भने, 'एकचोटि सरकारीस्तरमै छलफल गरेर निचोड निकाल्नुपर्ने देखिएकाले अहिले स्थगन गर्न भनेका छौं । यस विषयलाई छिट्टै टुंग्याउँछौं ।'

सरकारकै सिटिइभिटी, एनएभिटीलगायत निकायबाट सीप प्रमाणीकरण गराउँदा श्रमिकलाई आर्थिक भार नपर्ने विषयमा पनि थप छलफल आवश्यक रहेको घिमिरेले बताए ।

साउदी अरबमा प्रत्येक वर्ष एक लाखभन्दा बढी नेपाली जाँदै आएका छन् । गत आर्थिक वर्ष २०८२/८३ मा एक लाख २४ हजार ५८३ तथा २०८१/८२ मा एक लाख ५२ हजार ५५७ जना साउदी गएका थिए । साउदी श्रमिक पठाउने सबै मुलुकमा एसभिपी कार्यान्वयन भइसकेको नेपालस्थित साउदी दूतावासको दाबी छ । नेपालले भने यसले श्रमिकमा आर्थिक भार पार्ने हुँदा कार्यान्वयन हुन नसक्ने बताउँदै आएको छ । त्यहाँ रोजगारीका लागि पुगेका कतिपय श्रमिकले अपेक्षाकृतरूपमा काम गर्न नसकेकाले उनीहरूको दक्षता परीक्षण गर्नु आवश्यक रहेको साउदी पक्षको अडान छ ।

■■■

## मुलुककै...

यसै वर्ष नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पूरा भएको उल्लेख गर्दै अध्यक्ष तानाकाले विगत सात दशकदेखि पारस्परिक विश्वास, सम्मान र सहकार्यमा आधारित सम्बन्ध अझ सुदृढ बन्दै गएको बताए । नागढुंगा सुरुङ दुई देशबीचको दीर्घकालीन मित्रता र सहकार्यको जीवन्त प्रतीक भएको उनको भनाइ थियो ।

नेपालका लागि जापानी राजदूत माएदा तोरुले जापान सरकारको आधिकारिक विकास सहायता (ओडिए) तथा नेपाली प्राविधिक र श्रमिकहरूको अथक परिश्रमबाट सुरुङ निर्माण सम्पन्न भएको बताए । उनले यस परियोजनाले नेपाल र जापान सरकारबीचको विश्वासपूर्ण तथा दीर्घकालीन साझेदारीलाई थप मजबुत बनाएको उल्लेख गरे ।

राजदूत माएदाले परियोजनामा योगदान पुर्‍याउने सम्पूर्ण व्यक्ति तथा संस्थाप्रति आभार व्यक्त गर्दै यसबाट हस्तान्तरण भएको प्राविधिक ज्ञान, सीप तथा उच्च सुरक्षा मापदण्डले नेपालको भावी सुरुङ तथा पूर्वाधार विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरे । आगामी वर्षौंसम्म नेपालले आफ्नै दक्षतामा सुरुङ सञ्चालन तथा मर्मतसम्भार गर्न सक्ने क्षमता विकास गर्नु नै सहकार्यको प्रमुख उद्देश्य रहेको उनले बताए ।

त्यस अवसरमा पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले नागढुंगा नाका दशकौंदेखि काठमाडौं उपत्यकाको पश्चिमी प्रवेशद्वार भए पनि अत्यधिक सवारी चाप र जोखिमपूर्ण सडकखण्डका रूपमा परिचित रहेको उल्लेख गरे । सुरुङ सञ्चालनसँगै यात्राको समय उल्लेखनीय रूपमा घट्ने तथा वर्षौंदेखिको ट्राफिक जाम र जोखिमपूर्ण यात्राको समस्या न्यूनीकरण हुने उनको भनाइ थियो । उनले जापानी र नेपाली इञ्जिनियरहरूले भौगोलिक जटिलता तथा प्राविधिक चुनौतीबीच काँधमा काँध मिलाएर काम गरेकाले यो ऐतिहासिक परियोजना सफलतापूर्वक सम्पन्न भएको बताए ।

नागढुंगा-सिस्नेखोला सुरुङमार्गको कूल लम्बाइ दुई हजार ६८८ मिटर रहेको छ । सुरुआती सम्झौताअनुसार आयोजना २०८० वैशाख १३ गतेभित्र सम्पन्न हुनुपर्ने भए पनि ठेकेदार कम्पनीको ढिलाइ, कोभिड-१९ महामारी तथा स्थानीयको अवरोधका कारण निर्माण प्रभावित भएको थियो । २०७६ कात्तिक २८ गते ठेक्का सम्झौता भएको उक्त आयोजनाको निर्माण अवधि पछिल्लोपटक २०८२ कात्तिक ८ गतेसम्म थप गरिएको थियो ।

### तीन महिना परीक्षण

सोमबार उद्घाटन भएको सुरुङमार्ग तीन महिना परीक्षणको रूपमा सञ्चालन गरिने भएको छ । आयोजनाका उपनिर्देशक सञ्जय पन्थीका अनुसार सुरुङमार्ग परीक्षण अवधिमा एम्बुलेन्स, दमकल, सुरक्षा निकायका सवारी तथा अन्य अत्यावश्यक सेवाका सवारीसाधनलाई मात्रै सञ्चालन गर्न दिइने छ । परीक्षणकाल सकिएपछि आवश्यक ट्राफिक व्यवस्थापन गरी अन्य सवारीलाई क्रमशः प्रवेश दिइने उनले बताए ।

सुरुङमार्गमा दुई पाङ्ग्रे सवारी र पैदलयात्रीलाई भने प्रवेश निषेध गरिएको छ । सुरुङमार्ग प्रयोग गर्ने सवारीसाधनका लागि दस्तुर निर्धारण गरिएको छ । सरकारले राजपत्रमा प्रकाशित गरेअनुसार कार, भ्यान, पिकअप, ट्याक्टर, माइक्रोबस तथा अन्य हलुका सवारीसाधनका लागि काठमाडौं प्रवेश गर्दा ६५ रूपैयाँ र काठमाडौंबाट बाहिरिँदा ६० रूपैयाँ दस्तुर तोकिएको छ । मिनीबस तथा मिनी ट्रकका लागि क्रमशः १२५ रूपैयाँ र ८० रूपैयाँ, बस तथा सिंगल रियर एक्सल ट्रकका लागि २६० रूपैयाँ र २०० रूपैयाँ तथा मल्टिएक्सल ट्रक तथा भारी उपकरणका लागि काठमाडौं प्रवेश गर्दा ६०० रूपैयाँ र बाहिरिँदा २५० रूपैयाँ दस्तुर निर्धारण गरिएको छ ।

नेपालको पहिलो सडक सुरुङका रूपमा सञ्चालनमा आएको नागढुंगा-सिस्नेखोला सुरुङमार्गले काठमाडौं-नौबिसे सडकखण्डमा यात्रा समय घटाउनुका साथै सुरक्षित, सहज र दिगो सडक यातायात व्यवस्थापनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।


**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना**
प्रकाशित मितिः २०८३/०४/१२

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री आर.वि.हाईट एण्ड ब्लु कन्सलटेण्टस् प्रा.लि. (ई.प.नं.१७६३/०८१/०८२) को साविकको ठेगाना ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ०९ परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०९** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०६८।०३।१० मा दर्ता भएको प्रा.लि.नं. ८४१७१ को **स्काई एग्रो एण्ड लाइभस्टक कम्पनी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०१।१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **Strikeforce Asia Recruitment Pvt. Ltd.** (ई.प.नं. १६७६/०८०/०८१) मा कार्यरत सुमना थापा (ना.प्र.प्र.नं.२५-७२-७४-००८४९) र शान्ता राई (ना.प्र.प्र.नं.५२९) यहि मिति : ११/०४/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **Global Recruitment Group Pvt. Ltd.** (ई.प.नं. १५३५/०७८/०७९) मा कार्यरत अंकुश अधिकारी (ना.प्र.प्र.नं.५३१०३४/८१) यहि मिति : ०३/०९/२०७९ र भुवन कुमार क्षेत्री (ना.प्र.प्र.नं.३१८६५)/सुस्मा कोइराला यहि मिति : १३/०९/२०७९ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजहरूबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

License No. : 1535/078/079
Global Recruitment Group Pvt.Ltd. (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

**हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना**
*प्रकाशन मिति २०८३/०४/१२ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/०३ मा दर्ता कायम भएको **आमाया मल्टिपर्पोज प्रा.लि.** (प्रा.लि.नं.२१८९२४/२०७६/०७७) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/११ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)**
**इजाजत प्रमाण पत्र नं.४०४**
**फोन नं.९८५१२१७००४**

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस J.P. Overseas Pvt. Ltd. (ईप.नं. १२५७/०७४/७५) मा तपसिलका कर्मचारीहरू कार्यरत रही आएकोमा आजको मितिदेखि यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूद्धारा यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| S.N. | Name | Citizenship No. | Position |
|---|---|---|---|
| 1. | Anil Mahat | 22588 | Senior Documentation |
| 2. | Dharm Bahdur Sunar | 161881 | Marketing |
| 3. | Keshar Chand | 72-01-72-00603 | Documentation |
| 4. | Naresh Singh Bohora | 72-01-74-00566 | Office Helper |
| 5. | Til Kumari Shrestha | 24-01-76-02991 | Kitchen Helper |
| 6. | Vidya Bhatta | 68-01-73-01524 | Junior Documentation |

श्रम ईजाजत नं. १२५७/०७४/०७५
J.P. Overseas Pvt. Ltd.
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-449085
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **Decent Employment Pvt. Ltd.** (ई.प.नं. ९०४/०६७/६८) मा कार्यरत पवित्रा भट्टराई (ना.प्र.प्र.नं.४०१०२५/४७८) यही मिति २०८३/०४/१२ गतेबाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. ९०४/०६७/०६८
Decent Employment Pvt. Ltd.
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np

# अध्यागमन प्रणाली दुरूपयोग गरी किर्ते भिसा बनाउने कर्मचारी र अमेरिकी नागरिकविरुद्ध भ्रष्टाचार मुद्दा




■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अध्यागमन विभागको प्रणाली दुरूपयोग गरी लक्जेम्बर्गका नागरिकको नाममा जारी भएको आवासीय भिसा गैरकानुनीरूपमा अमेरिकी नागरिकको नाममा बनाएको अभियोगमा दुई जनाविरुद्ध मुद्दा चलाएको छ ।

आयोगले सोमबार विभागको गैरपर्यटक शाखाका तत्कालीन कम्प्युटर अपरेटर (वरिष्ठ अध्यागमन सहायक) राजिव महतो र अमेरिकी नागरिक डिन जे रोबिन्सनविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार कम्प्युटर अपरेटर महतोले अध्यागमन सूचना प्रणाली (नेपाली पोर्ट) मा रहेको 'ट्राभलर सेन्ट्रालाइज' सुविधाको दुरूपयोग गरी फर्जी भिसा तयार पारेका थिए । महतोले कानुनबमोजिमको प्रक्रिया पूरा नगरी अधिकारप्राप्त अधिकारीको निर्णयविना र तोकिएको राजस्वसमेत दाखिला नगरी लक्जेम्बर्गका नागरिकको भिसा विवरण अमेरिकी नागरिकको नाममा सच्याएका थिए ।

आयोगको विज्ञप्तिअनुसार २०८० फागुन ९ गते लक्जेम्बर्गका नागरिक पल क्रिस्चियन पियरे गेडिट्जको नाममा जारी भएको आवासीय भिसाको सम्पूर्ण अभिलेख गैरकानुनीरूपमा अमेरिकी नागरिक डिन जे रोबिन्सनको नाममा एकीकृत गरी प्रिन्ट गरिएको थियो । सोही किर्ते भिसा राहदानीमा टाँसी अमेरिकी नागरिक रोबिन्सन गैरकानुनीरूपमा नेपालमा बसोबास गर्दै आएका थिए । सरकारी अभिलेख यथावत् राख्नुपर्ने कर्तव्य भएका राष्ट्रसेवक कर्मचारीले नै प्रणालीको दुरूपयोग गरी अभिलेख केरमेट, थपघट र हेरफेर गरी नेपाल सरकार तथा अध्यागमन विभागलाई हानि नोक्सानी पुऱ्याएको अख्तियारको ठहर छ ।

आयोगले प्रतिवादी महतोविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरमा कैद र जरिवानाको सजाय मागदाबी गरेको छ । अर्का आरोपी अमेरिकी नागरिक डिन जे रोबिन्सनलाई मुख्य कसुरदारसँग मिलेमतो गरी गैरकानुनी लाभ लिएको र मतियार बनेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदारसरह नै कैद र जरिवानाको सजाय मागदाबी गरिएको आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## घुस लिएको १० हजारसहित वडासचिव पक्राउ

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले झापाको गौरीगञ्ज गाउँपालिका-१ का वडासचिव अजयकुमार साहलाई घुस लिएको रकमसहित पक्राउ गरेको छ ।

सोमबार सम्बन्ध बिच्छेद दर्ता प्रमाणपत्र जारी गर्नका लागि सेवाग्राहीबाट लिएको १० हजार रूपैयाँसहित उनलाई आयोगको टोलीले पक्राउ गरेको हो ।

आयोगले जारी गरेको विज्ञप्तिअनुसार सेवाग्राहीलाई दुःख हैरानी दिई घुस मागेको उजुरीका आधारमा आयोगको इटहरी कार्यालयबाट टोली खटाइएको थियो । उक्त टोलीले उनी कार्यरत वडाको स्थानीय होटलबाट घुसबापतको रकमसहित पक्राउ गरेको हो । वडासचिव साहमाथि थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ ।

## महान्यायाधिवक्ता कार्यालयले चौथो पञ्चवर्षीय रणनीतिक योजना सार्वजनिक



**काठमाडौं (प्रस)–** महान्यायाधिवक्ता कार्यालयले चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०८३/८४-२०८७/८८) सार्वजनिक गरेको छ । महान्यायाधिवक्ता कार्यालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेलले सार्वजनिक गरेका हुन् ।

उक्त योजना यही साउन १ गतेदेखि लागू भएको जानकारी दिइएको छ । 'फौजदारी न्यायको सुदृढीकरण' भन्ने नारा रहेको उक्त योजनाको मुख्य पाँचवटा प्राथमिकता रहेका छन् । वस्तुनिष्ठ अभियोजन, प्रभावकारी प्रतिरक्षा, संवैधानिक तथा कानुनी जिम्मेवारी, सूचना प्रविधि र मानव संसाधन र भौतिक पूर्वाधार रहेको छ ।

उक्त राणनीतिक योजनाको मूल्य कानुन तथा न्यायका मान्य सिद्धान्तको पालना, जिम्मेवारी तथा उत्तरदायित्व बोध, पारदर्शी तथा प्रभावकारी सेवा प्रवाह, पेसागत निष्पक्षता, व्यावसायिक स्वतन्त्रता तथा दक्षता अभिवृद्धि, निरन्तर सिकाइ तथा प्रक्रियागत सुधार, मानव अधिकार संरक्षण, लैंगिक र कमजोर वर्गप्रति संवेदनशीलता र अपराध पीडित तथा साक्षी संरक्षण रहेको छ ।

महान्यायाधिवक्ता डा. कडेलले फौजदारी न्यायको अपराध पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था सुरु गरेको र अनुसन्धान सुरु गर्दा नै पीडितलाई राहत दिने व्यवस्था सुरु गरेको बताए । उनले सरकारी वकिलको क्षमता विस्तार गर्ने काम गरिरहेको जानकारी दिए । यस आर्थिक वर्षमा महान्यायाधिवक्ता कार्यालयले तीन हजार १९१ मुद्दामा निर्णय गरेको छ ।

नायव महान्यायाविक्ता सञ्जीवराज रेग्मीले गत आर्थिक वर्षमा महान्यायाविक्ता कार्यालयले गरेको महत्त्वपूर्ण काममा बारेमा जानकारी दिँदै ४० हजारभन्दा मुद्दामा वार्षिक अभियोजन गरेको र दक्षिण एसियामा सबैभन्दा राम्रो अभियोजन गर्ने नेपाल रहेको जानकारी दिए ।


### कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **Nepal World Overseas Pvt.ltd** (ई.प.नं. १६८२/०८०/८१) मा कार्यरत अम्बिका न्यौपाने (ना.प्र.प्र.नं. ९१५२२५०५) र कविता लवट (ना.प्र.प्र.नं. २५-०१-७८-०१२९२) यही मिति २०८३/०४/१२ गतेबाट यस प्रा.लि. मा नरहेको हुनाले निजहरूबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

LIC No. 1682/080/081
Nepal World Overseas Pvt.ltd
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



### कुवेतमा रोजगार

कम्पनी : AL ASALA UNITED GENERAL TRADING COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०४/११ — चलानी नं.: ६०२५८७७४ — LT.No.: 345501

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Secretary | 5 | 0 | स. काममा दक्ष | 220 | ११०,२२२ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

कम्पनी : UNITED LIGHTING COMPANY FOR GENERAL TRADING AND CONTRACTING — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०४/११ — चलानी नं.: ६०२५८७७५ — LT.No.: 345676

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver (all types) | 15 | 0 | स. काममा दक्ष | 250 | १२५,२५२ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन १९ गते (4 August, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्न र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82
MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



### आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति २०८३/०४/१२)**

ताप्लेजुङ जिल्ला फक्ताङलुङ र फुङलिङ गाउँपालिका स्थित निर्माणधिन **Upper Tamor Hydropower Project-285Mw** का लागि निम्न संख्यामा प्राविधिक तथा दक्ष कामदारहरूको आवश्यकता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उल्लेखित ठेगानामा आवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स | पद | संख्या | योग्यता र अनुभव |
|---|---|---|---|
| 1 | Resident Engineer | 2 | Bachelors/Undergraduate in Engineering or Equivalent (Academic/Vocational/Online), at least 3-4 Years of experience in related field |
| 2 | Director of International Business | 1 | Bachelors/Undergraduate or Equivalent degree (Academic/Vocational/Online), at least 3-4 Years of experience in related field |
| 3 | Manager of Technical Department | 1 | Bachelors/Undergraduate or Equivalent degree (Academic/Vocational/Online), at least 4-5 Years of experience in related field |

**Note : Highly Skilled and Knowledge of both Chinese and English Language will be highly preferable.**

**काम गर्नुपर्ने क्षेत्र तथा स्थान** : काठमाडौं तथा आयोजना स्थल — **कार्यरत रहने अवधि** : १ वर्ष
**तलव स्केल** : आपसी सहमतिमा — **संलग्न कागजातहरू** : सम्बन्धित कागजातहरु

सम्पर्क ठेगाना :

**Q.Y.E.C Construction Pvt. Ltd. (Upper Tamor HydropowerProject-285Mw)**
Pulchowk- 3, Lalitpur, Nepal, Email Address: info@qyecint.com


### एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ (पन्ध्र) दिने सूचना

(प्रकाशित मितिः २०८३।०४।१२ गतेको प्रभाव राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिन अर्थात मिति २०८३।०४।२७ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिको विवरणः**

| क.स. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./ नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ललितपुर | टिकाथली | ६/१०२१२६९२१ | १०५४ | १०१.४३ | घरजग्गा |
| | | | | १०५५ | ९७.०३ | |
| २. | पर्सा | विरगंज उ.म.न.पा. | १६/११३०३११०६ | ७४ | ३०.४० | घरजग्गा |
| | पर्सा | विरगंज उ.म.न.पा. | १६/११३०३११११ | ३२ | ४०८.२० | घरजग्गा |
| | | | | ८१ | ११२.२० | |

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९


### युएइमा रोजगार

कम्पनी : STRUCTURE ADVANCED BUILDING CONTRACTING L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०३/१० — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/११ — LT. No. 326073 — चलानी नं. ६०२४००५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 13 | 0 | 1200 | ५०,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 6 | 0 | 1200 | ५०,३७० | | | | | | | |
| 3 | Steel Fixer | 6 | 0 | 1200 | ५०,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १९ गते (4th Aug 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा वढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४
Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com


### धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल साउन महिना १२ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय इटहरीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शीर्षक : रियल स्टेट कर्जा**

**ऋणीको विवरण**

जय लाल बतासको नाति राम प्रसाद बतासको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ बस्ने **शान्त राज बतास** (ना.प्र.नं : ४५६२ तनहुँ जारी मिति र जिल्ला : २०४३/०३/२५ कास्की)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

अनन्त लाल चुकेको छोरी राम प्रसाद बतासको बुहारी शान्त राज बतासको पत्नी कास्की जिल्ला पोखरा न.पा. वडा नं. ८ बस्ने **दया लक्ष्मी बतास** (ना.प्र.नं. : १९९/०३५(चितवन) जारी मिति र जिल्ला : २०४९/०८/०४, कास्की)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :** मिति २०८३ साल असार महिना १ गतेको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. |
|---|---|---|
| शान्त राज बतास | झापा जिल्ला चन्द्रगढी वडा नं. ६ | ६ |

**कित्ता नं. र क्षेत्रफलहरुः**

| कित्ता नं. | क्षेत्रफल (व.मि.) | कित्ता नं. | क्षेत्रफल (व.मि.) | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|---|
| ९२९९ | ५६२.९५ | ९२८६ | १८६.२३ | ९२३० | ८८.८८ |
| ९३०१ | ३४७.०९ | ९२८७ | १८६.२३ | ९२३१ | २२८.५६ |
| ९३०३ | १८६.२३ | ९२८९ | १६५.०७ | ९२६० | १८६.२३ |
| ९३०५ | १८६.२३ | ९२९१ | ६७३ | ९२६० | २०३.१६ |
| ९३०९ | १८६.२३ | ९२९२ | १८६.२३ | ९२६१ | १२२.७४ |
| ९३११ | १८६.२३ | ९२९३ | १९४.६९ | ९२६२ | १२६.९७ |
| ९३१४ | १९४.६९ | ९२९५ | १३५.४४ | ९२५५ | १८६.२३ |
| ९३०८ | १८६.२३ | ९२८० | १८६.२३ | ९२५८ | २२०.०९ |
| ९२९७ | १३१.२१ | ९२७४ | २२४.३२ | ९२५९ | १८६.२३ |
| ९३०० | ५१२.१६ | ९२७७ | २५३.९५ | ९२५६ | २२०.०९ |
| ९३०२ | १८६.२३ | ९२८२ | १८६.२३ | ९२६७ | १८६.२३ |
| ९३०६ | १६५.०७ | ९२८८ | १८६.२३ | ९२७० | १८६.२३ |
| ९३०७ | १६५.०७ | ९२९० | १६९.३० | ९२७१ | २६६.६५ |
| ९३१३ | १५६.६० | ९२९४ | २८३.५८ | ९२६६ | ९३.११ |
| ९३१५ | १९८.९३ | ९२७९ | १८६.२३ | ९२६५ | ४३५.९८ |
| ९३१७ | ३६८.२६ | ९२८१ | १८६.२३ | ९२६९ | १८६.२३ |
| ९३१९ | ९८२ | ९२२८ | २०३.१६ | ९२४८ | १८६.२३ |
| ९२९८ | ४७४.०७ | ९२३२ | ३३८.६३ | ९२४० | १९४.६९ |
| ९३०४ | १८६.२३ | ९२५० | २१५.८६ | ९२४१ | ४१९.०५ |
| ९३१० | १८६.२३ | ९२३६ | १९०.४६ | ९२५३ | २२८.५६ |
| ९३१२ | १६५.०७ | ९२३५ | ३८.०९ | ९२३९ | ५७१.४२ |
| ९३१६ | ३४२.८६ | ९२३७ | १८६.२३ | ९२४२ | ५९६.८१ |
| ९३१८ | १६९.३० | ९२४९ | ४५२.९१ | ९२४७ | २५.३९ |
| ९२७५ | २७०.८८ | ९२३३ | ९७.३५ | ९२५४ | १५६.६० |
| ९२७६ | १६५.०७ | ९२३४ | १९०.४६ | ९२४३ | ३३८.६३ |
| ९२८३ | १६५.०७ | ९२५१ | ८८.८८ | ९२४४ | २५.३९ |
| ९२८४ | १५६.६० | ९२२७ | १९८.९३ | ९२४६ | १०१.५८ |
| ९२८५ | १८६.२३ | ९२२९ | २०७.३९ | ९२४५ | ९३.११ |

**ख) कर्जा शीर्षक : मोर्टगेज आवधिक कर्जा**

**ऋणीको विवरण**

जय लाल बतासको नाति राम प्रसाद बतासको छोरा पोखरा म.न.पा. वडा नं. ८ बस्ने **विपेन्द्र राज बतास** (ना.प्र.नं : ५९४८ तनहुँ जारी मिति र जिल्ला : २०४८/०६/०७ कास्की)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जय लाल बतासको नाति राम प्रसाद बतासको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ बस्ने **शान्त राज बतास** (ना.प्र.नं : ४५६२ तनहुँ जारी मिति र जिल्ला : २०४३/०३/२५ कास्की)

२) रामचन्द्र श्रेष्ठको छोरी राम प्रसाद बतासको बुहारी विपेन्द्र राज बतासको पत्नी कास्की जिल्ला पोखरा न.पा. वडा नं. ८ बस्ने **रेजी बतास** (ना.प्र.नं. : १६१६२(दोलखा) जारी मिति र जिल्ला : २०५६/०७/१०, कास्की)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :** मिति २०८३ साल असार महिना १ गतेको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. |
|---|---|---|
| शान्त राज बतास | झापा जिल्ला चन्द्रगढी वडा नं. ६ | ६ |

**कित्ता नं. र क्षेत्रफलहरुः**

| कित्ता नं. | क्षेत्रफल (व.मि.) | कित्ता नं. | क्षेत्रफल (व.मि.) | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|---|
| ९७५७ | ४४०.२१ | ९७५३ | ८५५.०२ | ९७५१ | ४९५.२३ |
| ५७५० | ४९१.०० | ९७४६ | २६२.४२ | ९७५६ | ३३०.१३ |
| ९७५९ | ११८.५१ | ९७४५ | ६८५.७३ | ९७५४ | ३२१.६७ |
| ९७६५ | ९३.११ | ९७५८ | ८४.६५ | ९७४४ | ७०२.६५ |
| ९७६७ | ९३.११ | ९७६० | ५३३.३३ | ९७४९ | २४५.४८ |
| ९७४७ | २६६.६५ | ९७६६ | ९३.११ | | |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल भदौ महिना १ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय इटहरी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल भदौ महिना २ गते मंगलबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय इटहरीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## आवेग र प्रतिशोध होइन, सद्भावको हात बढाऔं

सुनसरीको देवानगञ्ज गाउँपालिका–३, कप्तानगञ्जमा घटेको हिंसात्मक घटनाले सम्पूर्ण मुलुकलाई स्तब्ध र चिन्तित बनाएको छ । धार्मिक पर्वका अवसरमा उत्पन्न सामान्य विवादले उग्र रूप लिँदा एक २५ वर्षीय युवा ओमप्रकाश मेहताले ज्यान गुमाउनुपरेको छ भने २४ जना सर्वसाधारण तथा सुरक्षाकर्मी घाइते भएका छन् । झडप, आगजनी र तोडफोडका कारण उत्पन्न तनाव सुनसरीमामात्र सीमित नरही छिमेकी जिल्लाहरू सप्तरी र सिरहासम्म फैलन पुग्नु झनै भयावह संकेत हो । परापूर्वकालदेखि कायम रहँदै आएको हाम्रो सामाजिक सद्भाव र धार्मिक सहिष्णुताको तानाबाना कति संवेदनशील मोडमा पुगेको छ भन्ने कुरा यस घटनाले स्पष्ट पारेको छ ।

घटनाको मूल कारकका रूपमा मोहरम पर्वका बेला राखिएको एउटा झण्डा र पछि साउने सोमबारको बोलबम यात्राका क्रममा डिजे बजाउने विषयमा भएको भनाभनलाई लिइएको छ । धार्मिक तथा सांस्कृतिक पर्वहरू एक–आपसमा खुसी र भ्रातृत्व साट्ने अवसर हुनुपर्नेमा झण्डा हटाउने र डिजे बजाउन बन्द गर्नेजस्तो सामान्य विषयलाई लिएर दुई समुदायबीच उत्पन्न तनाव समयमै हल हुन नसक्नु दुःखद छ । तर, यस घटनाले त्योभन्दा ठूलो र गम्भीर प्रश्न स्थानीय प्रशासन र सुरक्षा निकायको कार्यशैलीमाथि खडा गरिदिएको छ ।

स्थानीय जनप्रतिनिधिहरूले सम्भावित विवादबारे पूर्वसूचना दिँदासमेत सुरक्षा निकायले दुवै पक्षलाई राखेर संवाद गराउने वा विवाद साम्य पार्ने प्रभावकारी पहल नगर्नु चरम बेवास्ताको नमूना हो । झन् संवेदनशील र सीमावर्ती जिल्ला सुनसरीका प्रमुख सुरक्षा अधिकारीहरू (जिल्ला प्रहरी प्रमुख, प्रदेश प्रहरी प्रमुख र सशस्त्र प्रहरीका गणपति) एकैपटक बिदा वा नेतृत्वविहीन अवस्थामा रहनुले राज्यको सुरक्षा कमाण्ड कति फितलो छ भन्ने उदांगो पारेको छ । 'चेन अफ कमाण्ड' कमजोर भएकै कारण भीड नियन्त्रणमा असंयमित निर्णय भयो र प्रहरीको गोलीबाट सर्वसाधारणको ज्यान गयो । सांसद, अधिकारकर्मी र नागरिक समाजले औंल्याएझैं, नागरिकमाथि सोझै गोली बर्साउनुपर्ने अवस्था थियो कि थिएन भन्ने विषयमा राज्यले गम्भीर आत्मसमीक्षा गर्नुपर्छ ।

घटनापछि सरकारले गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा छानबिन समिति गठन गर्नुका साथै सिडिओ, डिआइजी र एसपीसहितका अधिकारीहरूलाई तुरुन्तै हेरफेर गरेको छ । तर, प्रशासनिक सरुवा–बढुवा र छानबिन समितिको गठनमात्रै समस्याको दीर्घकालीन समाधान होइन । सुरक्षा संयन्त्रको पूर्वतयारी र गुप्तचर प्रणाली किन असफल भयो ? विवाद चर्किएका बेला अचानक बिजुली बत्ती जानु संयोगमात्रै थियो कि कुनै नियोजित षड्यन्त्र ? यी सम्पूर्ण विषयको निष्पक्ष र पारदर्शी छानबिन हुनु आवश्यक छ ।

अहिलेको प्राथमिक आवश्यकता भनेको क्षेत्रमा शान्ति, सुरक्षा र सामाजिक सद्भाव पुनःबहाली गर्नु हो । कर्फ्यु र सेना परिचालनले क्षणिकरूपमा हिंसा रोक्न सके पनि मनमुटाव मेट्न सक्दैन । यसका लागि राजनीतिक दल, नागरिक समाज, स्थानीय बुद्धिजीवी र दुवै धार्मिक समुदायका अगुवाहरू एकजुट भई संवादको वातावरण बनाउनुपर्छ । सरकारले मृतकका परिवारलाई उचित क्षतिपूर्ति र न्याय दिलाउनुका साथै घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्नुपर्छ । भावनामा बगेर अफवाह फैलाउने र अशान्ति भड्काउन खोज्ने तत्वहरूबाट सतर्क रहँदै सम्पूर्ण नागरिकले पनि संयमता र सामाजिक सद्भाव जोगाउन आफ्नो दायित्व निभाउनु अपरिहार्य छ ।

श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# नेपाललाई आँखा उपचारमार्फत 'स्वास्थ्य कूटनीति' प्रवर्द्धन गर्ने अवसर



❑ डा. शैलेशकुमार मिश्र

कूटनीति अब उच्चस्तरीय राजनीतिक संवाद, द्विपक्षीय भ्रमण र दुई देशबीच हुने औपचारिक सन्धि/सम्झौतामा मात्र सीमित छैन । स्वास्थ्य सेवामार्फत नागरिकको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउँदै देशहरूबीच विश्वास, सद्भाव र सहकार्य विस्तार गर्ने 'स्वास्थ्य कूटनीति'को अवधारणा विश्वव्यापीरूपमा प्रभावकारी बन्दै गएको छ । नेपालका सन्दर्भमा आँखा स्वास्थ्य सेवा यसको बलियो माध्यम बन्न सक्ने सम्भावना देखिएको छ ।

पछिल्ला केही दशकमा नेपालले आँखा उपचारका क्षेत्रमा हासिल गरेको विशेषज्ञता, दक्ष जनशक्ति, आधुनिक उपचार प्रविधि, गुणस्तरीय सेवा र तुलनात्मकरूपमा सहज उपचार खर्चले अन्तर र्राष्ट्रियस्तरमा विश्वास आर्जन गरेको छ ।

यही विश्वासका कारण भारत, बंगलादेशलगायत विभिन्न मुलुकबाट बर्सेनि ठूलो संख्यामा बिरामी आँखाको परीक्षण, उपचार तथा शल्यक्रियाका लागि नेपाल आउने गरेका छन् । सीमापारबाट उपचारका लागि हुने यस्तो आवागमनले नेपाललाई गुणस्तरीय आँखा उपचारको गन्तव्यका रूपमा स्थापित गर्नमात्र होइन, स्वास्थ्य पर्यटनमार्फत विदेशी मुद्रा आर्जन र अन्तर्राष्ट्रिय सम्बन्धलाई जनस्तरसम्म सुदृढ गर्ने अवसर सिर्जना गरेको छ ।

यस अर्थमा नेपालको आँखा स्वास्थ्य सेवा केवल उपचारमा सीमित विषय होइन । उपचारपछि दृष्टि फर्काएर स्वदेश फर्किने विदेशी नागरिकले नेपालबाट स्वास्थ्य सेवासँगै विश्वास, सद्भाव र सकारात्मक अनुभव पनि लिएर जान्छन् । यही मानवीय सम्बन्धले आँखा स्वास्थ्यलाई नेपालको 'सफ्टपावर'का रूपमा विकास गर्दै स्वास्थ्य कूटनीति र 'स्वास्थ्य पर्यटन'लाई सँगसँगै अघि बढाउने बलियो आधार तयार गर्न सक्छ ।

### कम्बोडियामा दृष्टिसँगै मित्रताको नयाँ अध्याय

हालै कम्बोडियाको कम्पोङ चामप्रान्तमा आयोजित निःशुल्क आँखा उपचार शिविर स्वास्थ्य कूटनीतिको एउटा उदाहरण बनेको छ । नेपाल नेत्रज्योति संघ, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान, थाइल्यान्डस्थित नेपाली राजदूतावास (कम्बोडिया हेर्ने) र स्थानीय निकायको सहकार्यमा आयोजित शिविरबाट एक हजारभन्दा बढी कम्बोडियाली नागरिक लाभान्वित भए ।

शिविरले आँखा उपचारमात्र गरेन, नेपालको आँखा स्वास्थ्य विशेषज्ञतालाई कम्बोडियाको उच्च सरकारी तहसम्म परिचित गरायो । कम्बोडियाको विदेश तथा अन्तर्राष्ट्रिय सहयोग मन्त्रालयकी स्थायी सचिव तथा प्रधानमन्त्रीकी निजी सल्लाहकार इट सोफियाले नेपालको आँखा उपचार सेवा तथा शिक्षाको उच्च प्रशंसा गरेकी छन् ।

थाइल्यान्डका लागि नेपाली राजदूत तथा कम्बोडियाका लागि गैरआवासीय राजदूत धनबहादुर ओलीसँगको भेटमा उनले कम्पोङ चाममा असार २० र २१ गते आयोजित निःशुल्क आँखा उपचार शिविरबाट कम्बोडियाली नागरिक लाभान्वित भएको उल्लेख गर्दै नेपालप्रति प्रशंसा व्यक्त गरेकी थिइन् ।

यो प्रशंसा एउटा स्वास्थ्य शिविरको सफलतामामात्र सीमित छैन । नेपाली विशेषज्ञले प्रदान गरेको सेवा जब विदेशी नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्छ र त्यसले सम्बन्धित देशको उच्च सरकारी तहबाटसमेत मान्यता पाउँछ, स्वास्थ्य सेवा कूटनीतिक सम्बन्ध निर्माणको प्रभावकारी माध्यम बन्न पुग्छ । एउटा नेपाली चिकित्सकले विदेशी भूमिमा कसैको दृष्टि फर्काउँदा एउटा आँखाकोमात्र उपचार हुँदैन, नेपालप्रति विश्वास र सद्भावको नयाँ दृष्टि पनि निर्माण हुन्छ ।

### बंगलादेश र ओमानमा पनि स्वास्थ्यमार्फत सम्बन्ध

नेपाल नेत्रज्योति संघले बंगलादेशमा सञ्चालन गरेका आँखा स्वास्थ्यसम्बन्धी कार्यक्रमले पनि दुई देशबीचको जनस्तरीय सम्बन्धलाई थप बलियो बनाउन सहयोग पुऱ्याएका छन् । संघले बंगलादेशमा आँखा शिविर तथा विशिष्टीकृत उपचार सेवामार्फत दुई देशबीचको स्वास्थ्य सहकार्यलाई निरन्तर विस्तार गर्दै आएको छ । संघले यसअघि बंगलादेशको लालमनिहाटमा सर्वसाधारणलाई लक्षित गरी आँखा स्वास्थ्य शिविर सञ्चालन गर्दै नेपाली विशेषज्ञमार्फत आँखा परीक्षण, उपचार तथा आवश्यक सेवा प्रदान गरिसकेको छ ।

त्यस्तै, बंगलादेशको विद्यार्थी आन्दोलनका क्रममा आँखामा गम्भीर चोट लागेका बिरामीको उपचारका लागि ढाकास्थित नेसनल इन्स्टिच्यूट अफ अप्थाल्मोलोजीको विशेष निमन्त्रणामा संघअन्तर्गतको लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर, श्री रण अम्बिका शाह आँखा अस्पताल भैरहवाका कर्निया सर्जन एसोसिएट प्रोफेसर डा. सुशीला पटेल र भिट्रो-रेटिना सर्जन डा. सविता ढकाल बंगलादेश पुगेका थिए । उनीहरूले आँखाको नानी तथा पर्दा च्यातिएका, गहिरो चोट तथा रक्तश्राव भएकालगायत जटिल समस्या भएका बिरामीको उपचार तथा शल्यक्रिया गरेका थिए ।

सर्वसाधारणका लागि आँखा शिविरदेखि संकटका बेला विशिष्टीकृत उपचारका लागि नेपाली विशेषज्ञ परिचालनसम्मको यो सहकार्यले नेपालको आँखा उपचार सेवाप्रतिको अन्तर्राष्ट्रिय विश्वासलाई मात्र देखाउने नभई मानवीय सेवा र विशेषज्ञतामार्फत जनस्तर तथा संस्थागत सम्बन्धलाई बलियो बनाउने स्वास्थ्य कूटनीतिको प्रभावकारी उदाहरणसमेत प्रस्तुत गरेको छ ।

त्यस्तै, ओमानमा नेपाली दूतावास र स्थानीय साझेदारसँगको सहकार्यमा आयोजित स्वास्थ्य शिविरमार्फत प्रवासी नेपालीलाई आँखा परीक्षण, चस्मा वितरण, मधुमेह तथा रक्तचाप परीक्षण र स्वास्थ्य परामर्श उपलब्ध गराइएको थियो । बंगलादेशमा सर्वसाधारणदेखि जटिल उपचार आवश्यक परेका बिरामीसम्म र ओमानमा प्रवासी नेपालीसम्म पुगेको यस्तो सेवाले नेपालको आँखा स्वास्थ्य विशेषज्ञता सीमापार मानवीय सहयोग, विश्वास र दीर्घकालीन सम्बन्ध निर्माण गर्ने प्रभावकारी माध्यम बन्न सक्ने देखाएको छ ।

यस्ता कार्यक्रममार्फत नेपाली विशेषज्ञको अनुभव आदानप्रदान, स्थानीय नागरिकलाई आँखा उपचार सेवा र स्वास्थ्य संस्थाहरूबीच सहकार्यको अवसर सिर्जना भएको छ । कूटनीतिक सम्बन्ध सरकारी बैठक र सम्झौताबाट मात्र होइन, नागरिकको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने कार्यक्रमबाट अझ गहिरो बन्न सक्छ ।

नेपाल नेत्रज्योति संघको अन्तर्राष्ट्रिय आँखा स्वास्थ्य सेवा बंगलादेश, कम्बोडिया र ओमानमामात्र सीमित छैन । संघले केही अफ्रिकी मुलुकमा शल्यक्रियासहितका आँखा उपचार कार्यक्रम सञ्चालन गर्नुका साथै म्यान्मा र टिमोर-लेस्ते (पूर्वी टिमोर) लगायतका देशमा आँखा स्वास्थ्य विशेषज्ञ तथा स्वास्थ्यकर्मी परिचालन गरी सेवा प्रदान गरेको छ । यस्ता अन्तर्राष्ट्रिय पहलले नेपालको आँखा स्वास्थ्यसम्बन्धी विशेषज्ञता र अनुभवलाई विश्व समुदायसम्म विस्तार गर्दै स्वास्थ्य सेवामार्फत आपसी विश्वास, सहकार्य र स्वास्थ्य कूटनीति प्रवर्द्धन गर्न योगदान पुऱ्याएका छन् ।

### नेपालको 'सफ्ट पावर' बन्न सक्छ आँखा स्वास्थ्य

नेपालसँग ठूला राष्ट्रजस्तो विशाल आर्थिक वा सामरिक शक्ति नहुन सक्छ तर कुनै देशको अन्तर्राष्ट्रिय प्रभाव आर्थिक वा सैन्य शक्तिले निर्धारण हुँदैन । विशिष्ट ज्ञान, दक्षता, मानवीय सेवा र विश्वसनीयता पनि प्रभावकारी 'सफ्ट पावर' बन्न सक्छन् ।

आँखा स्वास्थ्य नेपालका लागि त्यस्तै क्षेत्र हो । समुदायमा आधारित आँखा स्वास्थ्य सेवा, मोतियाबिन्दु उपचार, दुर्गम क्षेत्रमा सेवाको पहुँच विस्तार र रोकथाम गर्न सकिने अन्धोपन न्यूनीकरणमा नेपालले हासिल गरेको अनुभव अन्य विकासशील मुलुकका लागि उपयोगी हुन सक्छ ।

यसलाई योजनाबद्धरूपमा विदेश नीतिसँग जोड्न सके नेपाल स्वास्थ्य सहायता प्राप्त गर्ने देशमात्र नभई स्वास्थ्य ज्ञान, विशेषज्ञता र सेवा प्रदान गर्ने साझेदार राष्ट्रका रूपमा स्थापित हुन सक्छ । कम्बोडियाको उच्च सरकारी तहबाट नेपालको आँखा उपचार सेवा र शिक्षाको प्रशंसा हुनुले यही सम्भावनालाई थप बलियो बनाएको छ ।

### शिविरबाट दीर्घकालीन साझेदारीतर्फ

अब अन्तर्राष्ट्रिय आँखा शिविरलाई एकपटकको सेवामामात्र सीमित नराखी दीर्घकालीन स्वास्थ्य साझेदारीसँग जोड्न आवश्यक छ । परराष्ट्र मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, विदेशस्थित नेपाली दूतावास र नेपाल नेत्रज्योति संघबीच समन्वय गरी दक्षिण एसिया, दक्षिणपूर्वी एसिया, खाडी तथा आवश्यकताका आधारमा अन्य मुलुकमा स्वास्थ्य कूटनीतिका कार्यक्रम विस्तार गर्न सकिन्छ ।

आँखा शिविरलाई प्रवेशबिन्दु बनाएर विदेशी स्वास्थ्यकर्मीलाई तालिम, अस्पताल-अस्पताल सहकार्य, टेलिअफ्थाल्मोलोजी, संयुक्त अनुसन्धान र प्राविधिक ज्ञान आदानप्रदानमा विस्तार गर्न सकिन्छ । नेपालमा विदेशी चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि तालिम र अध्ययन कार्यक्रम सञ्चालन गरेर नेपाललाई क्षेत्रीय आँखा स्वास्थ्य ज्ञान तथा तालिम केन्द्रका रूपमा विकास गर्न सकिन्छ ।

यसमा विदेशस्थित नेपाली दूतावासहरूले महत्त्वपूर्ण सेतुको भूमिका खेल्न सक्छन् । स्थानीय सरकार र स्वास्थ्य संस्थाको आवश्यकता पहिचान गरी नेपालका विशेषज्ञ संस्थासँग जोड्न सके एउटा स्वास्थ्य शिविर दीर्घकालीन द्विपक्षीय सम्बन्धको आधार बन्न सक्छ ।

### 'हिमालको देश'सँगै 'दृष्टि दिने देश'

विश्वमा नेपालको पहिचान सगरमाथा, बुद्ध, संस्कृति र पर्यटनसँग जोडिएको छ । अब त्यसमा अर्को परिचय थप्ने अवसर छ, गुणस्तरीय आँखा स्वास्थ्य सेवाको अनुभव विश्वसँग बाँड्ने देश ।

कम्बोडियामा नेपाली सेवाप्रति व्यक्त भएको उच्चस्तरीय प्रशंसा, बंगलादेशमा स्वास्थ्य सेवामार्फत विस्तार भएको जनस्तरीय सम्बन्ध र ओमानमा प्रवासी नेपालीसम्म पुगेको स्वास्थ्य सहयोगलाई एउटै रणनीतिक दृष्टिकोणबाट हेर्दा नेपालको स्वास्थ्य कूटनीतिको ठूलो सम्भावना देखिन्छ ।

नेपाल नेत्रज्योति संघसँग रहेको चार दशकभन्दा लामो अनुभव, दक्ष जनशक्ति र व्यापक सेवा सञ्जाललाई नेपालको विदेश नीति र अन्तर्राष्ट्रिय सहकार्यसँग योजनाबद्ध रूपमा जोड्न सके आँखा स्वास्थ्य नेपालको प्रभावकारी 'सफ्ट पावर' बन्न सक्छ । दृष्टि फर्काउने एउटा उपचारले एक व्यक्तिको संसार उज्यालो बनाउँछ । तर त्यही सेवा सीमापार पुगेर विश्वास, सद्भाव र मित्रता निर्माण गर्छ भने त्यो केवलउपचार रहँदैन, कूटनीतिक सम्बन्ध जोड्ने माध्यम बन्छ । *रासस*

***(लेखक डा. मिश्र नेपाल नेत्रज्योति संघका कार्यकारी निर्देशक एवं इन्टरनेसनल एजेन्सी फर द प्रिभेन्सन अफ ब्लाइन्डनेस (आइएपिबी) को नेपाल अध्यक्षसमेत हुन्)***






✍ बैकुण्ठ भण्डारी

## गोली होइन, भोलि...

गोलीको पनि आफ्नै मौसम हुँदो रहेछ । कुनै बेला वर्षा लागेझैँ गोली लाग्छ । कहिले भदौको २३ र २४ गते, कहिले साउन १० गते । क्यालेन्डरले तिथि फेरिरहन्छ, तर गोलीको चरित्र फेरिँदैन । उसलाई न चाडपर्व चाहिन्छ, न शुभसाइत । उसलाई चाहिने एउटै कुरा हो, कसैको छाती ।

गोली चलाउनेले सधैँ एउटा कारण देखाउँछ । गोली खानेले सधैँ एउटा सपना देख्छ । अनि गोली नखानेहरूले इतिहास लेख्छन् । इतिहासको यही त्रिकोणमा देश वर्षौंदेखि घुमिरहेको छ । मटचाङ्ग्रो सिफल चौरको चिया पसलमा पुगेको थियो । चिया पसलमा चियाको कपभन्दा बढी तातो त्यहाँको बहस थियो ।

कसैले भन्यो, 'फेरि गोली चलेछ ।'

मटचाङ्ग्रोले चिया फुक्दै भन्यो, 'गोली चलेको समाचार नयाँ हो र ? अब त गोली नचल्नु समाचार हो ।'

उमेर ढल्केका अनि छिप्पिएका बाहरू सबै हाँसे । हाँसो पनि कस्तो ? मुस्कानभन्दा बढी पीडा मिसिएको जस्तो । त्यो मोरो गोलीको पनि भाग्य बलियो । ऊ चल्नेबित्तिकै प्रेस विज्ञप्ति जन्मिन्छ । श्रद्धाञ्जली जन्मिन्छ । आयोग जन्मिन्छ । छानबिन समिति जन्मिन्छ । तर न्याय भने कहिल्यै जन्मिँदैन ।

हाम्रो देशमा गोलीको सबैभन्दा ठूलो विशेषता के हो भने, गोली चलाउने कहिल्यै दोषी हुँदैन । दोषी सधैँ परिस्थिति हुन्छ । कहिले भीड दोषी हुन्छ, कहिले उत्तेजना दोषी हुन्छ, कहिले अफवाह दोषी हुन्छ । अन्तिममा सबै दोषी हुन्छन्, तर ट्रिगर थिचेको औंला निर्दोष प्रमाणित हुन्छ ।

मटचाङ्ग्रो सोच्दै थियो, गोलीको पनि कस्तो भाग्य ! ऊ धातुको एउटा टुक्रामात्र हो । तर मानिसको महत्त्वाकांक्षाले उसलाई दर्शन बनाइदिन्छ । हिजो चरी डन गोलीबाट सिद्धिए । त्यसअघि पनि कति सिद्धिए । त्यसपछि पनि कति सिद्धिए । गोलीले कहिल्यै सोध्दैन, 'तिमी अपराधी हौ कि आदर्शवादी ?' ऊ त आदेशको कर्मचारी हो । जसले जता पठायो, त्यतै जान्छ । अचम्म त त्यतिबेला लाग्छ, जब गोलीले मारेको मानिसको तस्बिर वर्षौंपछि माला लगाएर सार्वजनिक चोकमा उभ्याइन्छ । जसले जीवनभर छाता ओढ्न पाएन, उसको सालिकमाथि छानो हाल्ने योजना बन्छ । जसले बाँच्दा अस्पताल पाएन, मरेपछि पार्क पाउँछ । यो देशमा जीवित मानिसभन्दा मृत मानिस धेरै सम्मानित हुन्छ ।

मटचाङ्ग्रोले गएको सहिद दिवसमा प्रजातन्त्र ल्याउन मारिएका सहिद धर्मभक्त माथेमाको सिफल ओरालोमा रहेको सालिकमा तस्बिर खिचाउँदै सोधेको थियो, हजुरबा तपाईंलाई कस्तो छ ?

सालिकले केही बोलेन । बोल्न सक्थ्यो भने सायद भन्थ्यो, 'बाँच्दा केही थिएन, अहिले चौतारो छ । बाँच्दा कसैले पानी दिएन, अहिले हरेक वर्ष फूल चढाउँछन् । हामीलाई फूल चढाउन सजिलो छ, फूल जोगाउन गाह्रो ।'

परिवर्तनको अर्को रमाइलो कुरा छ । परिवर्तनका गीत गाउँदा माइक्रोफोन एउटाको हुन्छ, गोली अर्काको छातीमा लाग्छ । नारा एउटाले बनाउँछ । पोस्टर अर्कोले टाँस्छ । भाषण नेताले गर्छ । मुद्दा कार्यकर्ताले बोक्छ । गोली युवाले खान्छ । कुर्सी नेताले पाउँछ । कति न्यायपूर्ण हिसाब !

युवाहरूलाई सधैँ भनिन्छ, 'देश तिमीहरूको हो । तर देश त उनीहरूलाई जिम्मा दिने बेलासम्म देशका सबै कुर्सी आरक्षणमा पुगिसकेका हुन्छन् । बाँकी रहन्छ सडक । र, सडकमा रहन्छ धूलो । धूलोसँगै रहन्छ गोली । गोलीलाई उमेर मनपर्छ । उमेर पनि त्यही डर नमान्ने । २० वर्षको युवकलाई मृत्युको अर्थ थाहा हुँदैन । उसलाई भविष्य देखिन्छ । नेताले त्यही भविष्यमा झण्डा बाँधिदिन्छ । हामीसँग आऊ । देश बदलिन्छ । क्रान्ति हुन्छ । इतिहास बन्छ । त्यही सुनेर युवा लाग्छ । इतिहास बन्छ पनि ।

तर इतिहासको पानामा युवाको नाम सानो अक्षरमा हुन्छ । नेताको नाम सुनौलो अक्षरमा । यही हो हाम्रो राजनीतिक मुद्रण प्रविधि । मटचाङ्ग्रोले त्यही चिया पसलमा एकजना बूढालाई सोध्यो, 'हजुरले कति आन्दोलन देख्नुभयो ?'

बूढाले लामो सास फेर्दै भने, 'बाबु, आन्दोलन त धेरै देखेँ । परिवर्तन पनि धेरै देखेँ । तर एउटा कुरा कहिल्यै देखिनँ । गोली चलाउनेको छोरा गोली खान गएको ।'

मटचाङ्ग्रो चुप ! किनकि प्रश्नको उत्तर संसद्मा पनि थिएन । हाम्रो देशमा नेताहरूका सन्तान विदेशमा भविष्य खोज्छन्, कार्यकर्ताका सन्तान सडकमा भविष्य खोज्छन् । एउटाले पासपोर्ट बनाउँछ, अर्काले प्लेकार्ड । एउटाले विमान चढ्छ, अर्कोले एम्बुलेन्स । फरक यतिमात्र हो । गोली चल्दा सबैभन्दा पहिले शोक वक्तव्य आउँछ । 'हामी गहिरो दुःख व्यक्त गर्दछौं, गोली चलाउनुपर्ने अवस्था नै थिएन ।'

दुःख पनि कस्तो ? त्यही पुरानो ढाँचाको । नाममात्र फेरिन्छ । वक्तव्य उही । जसरी होटलमा एउटै तरकारीलाई फरक नाम दिएर बेचिन्छ, त्यसरी दुःख पनि प्रेस विज्ञप्तिमा नयाँ प्याकेटमा आउँछ । त्यसपछि छानबिन समिति । समितिको पनि भाग्य राम्रो । उनीहरू रिपोर्ट बनाउँछन् । रिपोर्ट प्लास्टिकको टोकरीमा राखिन्छ । प्लास्टिकको टोकरीमा धूलो बस्छ । धूलोमाथि अर्को रिपोर्ट बस्छ । अनि न्यायले फेरि अर्को वर्ष पर्खिन्छ ।

गोलीले देश बदल्दैन । गोलीले परिवार बदल्छ । एउटा बाबुविना घर । एउटी आमाविना सहारा । एउटा बच्चाविना भविष्य । यति परिवर्तन त पक्कै हुन्छ । तर भाषणमा यो परिवर्तन उल्लेख हुँदैन । भाषणमा राष्ट्र बच्छ । घर मर्छ । राजनीति पनि अचम्मको व्यापार हो । यहाँ पुँजी भनेको जनभावना । कच्चा पदार्थ भनेको युवा । उत्पादन भनेको सत्ता । नाफा भनेको कुर्सी । घाटा भनेको सहिद परिवार । व्यापार घाटामा कहिल्यै जाँदैन । घाटा सधैँ जनताले बेहोर्छन् ।

गत वर्ष भदौ २६ गते मटचाङ्ग्रो अस्पताल पुगेको थियो । जेन-जी विद्रोहमा गोली लागेका युवाको आमा रोइरहेकी थिइन् । त्यही बेला नेता आए । नेतासँगै दुई-चार जना क्यामरा बोकेका पनि आएका थिए । नेताको छातीमा 'पिनमाइक' टाँसिएको थियो । ताकि उनले बोलेकोमात्र स्पष्ट ती क्यामरामा कैद होउन् । प्रविधिको जो जमाना छ नि !

गोली खाएको युवाकी आमा त्यहीँ बसिरहिन् । मटचाङ्ग्राले सोच्यो, हाम्रो देशमा क्यामराको मेमोरी कार्ड मानिसको सम्झनाभन्दा धेरै बलियो रहेछ । फोटो वर्षौं रहन्छ । प्रतिबद्धता पाँच मिनेट । गोली चलेपछि सामाजिक सञ्जाल तात्छ । हचासटचाग आउँछन् । प्रोफाइल फोटो कालो हुन्छ । दुई दिनपछि फेरि नाचगान । अर्को हप्ता अर्को विषय । मानिसको स्मृति पनि मोबाइलको नोटिफिकेसन जस्तै भएको छ । नयाँ आयो, पुरानो हरायो । तर आमाको स्मृतिमा कुनै अपडेट आउँदैन । त्यहाँ गोलीको आवाज जीवनभर बजिरहन्छ ।

हामीले शान्तिलाई भाषणमा धेरै खोज्यौं । सम्झौतामा खोज्यौं । स्मारिकामा खोज्यौं । नारामा खोज्यौं । तर शान्ति त त्यो दिन आउँछ, जुन दिन कुनै नेताले आफ्नै छोरालाई पहिलो पंक्तिमा उभ्याएर भन्ने छ- जाऊ, यदि आन्दोलन यति नै पवित्र छ भने सबैभन्दा पहिले तिमी जाऊ । त्यो दिन सायद आन्दोलनको स्वर नै बदलिन्छ । किनकि बलिदान अरूको सन्तानबाट मात्र माग्दा क्रान्ति सजिलो हुन्छ । आफ्नै घरबाट माग्दा विवेक जाग्छ ।

मटचाङ्ग्रोले अन्तिमपटक आकाशतिर हेऱ्यो । बादल थिए । तर उसले वर्षाको कामना गरेन । किनकि, उसलाई डर थियो, कहीँ फेरि कसैले बादलको आवाजलाई पनि गोलीको आवाज भनेर घोषणा नगरोस् । उसले आँखा बन्द गरेर एउटा सानो प्रार्थना गऱ्यो, 'हे समय ! अब इतिहासमा नयाँ सहिद थप्ने होइन, नयाँ शिक्षक थप । नयाँ वैज्ञानिक थप । नयाँ किसान थप । नयाँ कलाकार थप । नयाँ चिकित्सक थप । नयाँ सपना थप । नयाँ उद्योग कलकारखाना थप, नयाँ रोजगारी थप । किनकि, देशलाई सालिकभन्दा मानिस चाहिएको छ ।

मटचाङ्ग्रोले चिया खाइरहेका सबै छिप्पिएका बाहरूलाई भन्यो, 'गोलीले जितेको देश मैले देखिनँ । डरले बाँचेको लोकतन्त्र पनि देखिनँ । तर शान्तिको खोजीमा हिँड्ने मानिसहरू भने अझै बाँकी छन् ।'

त्यसपछि उसले आकाशतिर हेरेर मुस्कुरायो । 'हे शान्ति ! तिमी कहाँ हरायौ ? संसद्को भाषणमा कि सडकको रगतमा ? आयोगको प्रतिवेदनमा कि आमाको आँखाको आँसुमा ? यदि कतै लुकेकी छौ भने अब नलुक । किनकि, देशलाई अब शान्ति चाहिएको छ ।'

न 'स्टण्टले' देश बन्छ, न त 'क्याटवाक'ले नै ! देश बन्नका लागि पनि शान्ति चाहिन्छ । त्यही शान्तिमा उद्योग कलकारखाना थपिँदै जान्छन् । रोजगारी बढ्दै जान्छन् । युवाहरू रोजगारीमा नै व्यस्त हुन्छन् । त्यसपछि न त जुलुस, धर्ना वा तोडफोड हुन्छ न त गोली नै खानु पर्दछ । न त परिवर्तनका नाममा कुनै एउटा सन्तान सालिक नै बन्नु पर्दछ । त्यसैले पनि अब गोली होइन हाम्रा सन्तती र मुलुकका लागि भोलि खोजौं ! शान्ति खोजौं ! कस्ता-कस्ता आए, गुलेली चलाए, मटचाङ्ग्रा सत्यानाश नगरौं !



**दत्तात्रय मन्दिरमा लामबद्ध भक्तजन** | भक्तपुर नगरपालिका–९ तचपाल टोलमा अवस्थित दत्तात्रय मन्दिरमा पूजा आराधना तथा दर्शन गर्न लामबद्ध भक्तजन । साउन महिनाको प्रत्येक सोमबार ब्रह्मा, विष्णु र महेश्वरको प्रतीक रहेको दत्तात्रय मन्दिरमा दर्शन गर्न भक्तजन आउने गर्छन् । *तस्बिरः रासस*

# सिसिटिभी फुटेजका आधारमा कारबाही गर्न नारायणी अस्पतालको माग

**वीरगञ्ज (पर्सा)–** नारायणी अस्पतालमा शनिबार भएको घटनाको सम्बन्धमा सिसिटिभी फुटेजको आधारमा अराजक व्यक्तिको पहिचान गरी कारबाही गर्नुपर्ने माग अस्पताल प्रशासनले गरेको छ । अस्पतालले सोमबार विज्ञप्ति जारी गर्दै उक्त दिनको सिसिटिभी फुटेज सम्बन्धित निकायमा पठाइसकिएको जनाउँदै अराजक व्यक्तिहरूको पहिचान गरी आवश्यक कानुनी कारबाही गर्न अनुरोध गरेको हो ।

शनिबार वीरगञ्ज महानगरपालिका-२५ निवासी ४५ वर्षीय राजकुमार पटेलको उपचारका क्रममा मृत्यु भएपछि निजका परिवारका सदस्य तथा आफन्तले उपचारमा लापरवाही भएको आरोप लगाउँदै आकस्मिक कक्षमा कार्यरत मेडिकल अफिसर डा. प्रमोद राममाथि आक्रमण गर्दा उनी गम्भीर घाइते भएका छन् । अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीको अथक प्रयासका बाबजुत पनि पटेलको उपचारका क्रममा मृत्यु भएको अस्पताल प्रशासनले जनाएको छ ।

पटेलको मृत्युपश्चात् अस्पताल प्रशासन र पीडित पक्षबीच सम्वाद र छलफल हुँदै गर्दाको अवस्थामा केही अराजक व्यक्तिहरूबाट अस्पतालको भौतिक संरचना तोडफोड गर्नुका साथै चिकित्सकमाथि आक्रमण गरेपछि सिर्जना भएको घटनाकाबारेमा छानबिन गरी कारबाही गर्नुपर्ने माग गरिएको छ ।

चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि सांघातिक आक्रमण हुनुका साथै आकस्मिक विभागमा कार्यरत डा. रामलाई मरनासन्न हुनेगरी कुटपिट गरेको जनाउँदै हाल उनको उपचार भइरहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । उक्त घटनापश्चात् अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मी मानसिक र शारीरिकरूपमा भयभित भई सेवा प्रवाह गर्न सक्षमता नदेखाइरहेकाले अस्पतालको सम्पूर्ण विभागको सेवा अवरुद्ध भएको विज्ञप्तिमा उल्लेख छ ।

यसैबीच, चिकित्सकमाथि भएको आक्रमणको विरोधमा अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मी सोमबार घण्टाघरमा प्रदर्शन गरेका छन् । *रासस*

# सुर्खेतमा दुई दिन कुरेर सिलिण्डर भर्छन् उपभोक्ता

**कर्णाली–** सुर्खेतमा एक सातादेखि खाना पकाउने एलपी ग्यास लिन आउनेहरूको भीड लाग्ने गरेको छ । स्थानीय राति २:०० बजेदेखि खाली ग्यास लिएर ग्यास डिलरमा पुग्छन् । एक-दुई दिन कुरेरमात्र भरिएको सिलिण्डर लिएर फर्किछन् । पछिल्लो समय ग्यास अभाव देखिएपछि उपभोक्ताले सास्ती खेप्नुपरेको हो ।

विगतजस्तो जतिबेला पनि सजिलै ग्यास पाउने अवस्था नभएको स्थानीय बताउँछन् । केहीसँग मात्र ग्यासको विकल्प भए पनि यहाँका अधिकांश नागरिक खाना पकाउने एलपी ग्यासमा परनिर्भर छन् । ग्रामीण क्षेत्रमा वैकल्पिक इन्धनको व्यवस्था भए पनि सहरी क्षेत्रमा सजिलै दाउरा, गुइँठा पाउने अवस्था पनि छैन । यसअघि ग्यासमा निर्भर रहनेहरूले यसको अभावमा समस्या भोग्दै आउनुपरेको छ ।

वीरेन्द्रनगर नगरपालिका-९ सुर्खेतका भविका चौधरीले ग्यास पाउँदा आनन्दको अनुभूति गरेको सुनाए । 'चार दिनसम्म लाइनमा बस्दा बेलाबेलामा सासै बन्द होलाजस्तो हुन्थ्यो । चुलो नबलेकाले यसबीचमा चाउचाउ, बिस्कुट र चिउरा खाएर गुजारा चलाइयो । आज बल्लतल्ल ग्यास पाइयो । धेरै ठूलो युद्ध जितेजस्तो महसुस भएको छ । आजदेखि खाना पकाएर खान पाइने भइयो,' उनले भने ।

चौधरी प्रतिनिधि पात्रमात्र हुन् । उनीजस्तै अन्य स्थानीयले ग्यास नपाएर धेरै दिन भोकभोकै बस्नुपर्ने अवस्था सामना गर्नुपर्‍यो । यसबाट धेरैजसो विद्यार्थी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तित्व र सहज पहुँच नभएका नागरिकहरू प्रभावित भएका छन् ।

पहुँच भएकाले विभिन्न स्रोतबाट ग्यास लिएर आफ्नो दैनिकी चलाए पनि अशक्त, विद्यार्थी, ज्येष्ठ नागरिकले सास्ती खेप्नुपरेको वीरेन्द्रनगर नगरपालिका-९ का स्थानीय तीर्थबहादुर थापाले दुखेसो पोखे । उनले भने, 'हामी आइतबार बिहान ५:०० बजेदेखि खाली ग्यास लिएर भर्नका लागि लाइनमा बसेका छौं, अँझै पालो आएको छैन । बेलुका खाली सिलिण्डर लिएर घर फर्केपछि भोलिपल्ट फेरि लाइनमा बस्न आउँछौं । राति खाली सिलिण्डर सुरक्षाका लागि ५०० जनाले प्रतिव्यक्ति २० रूपैयाँ तिर्ने गरेका छौं । आज पनि ग्यास पाउने हो कि होइन थाहा छैन ।'

यसैबीच, नेपाल आयल निगम सुर्खेतका प्रमुख दिपककुमार घिमिरेले साउन १ गतेदेखि १० गतेसम्म वीरेन्द्रनगरबाट १७ हजार खाना पकाउने एलपी ग्यास वितरण गरिएको जानकारी दिए । उनले भने, 'यसअघि हरेक महिनामा २६ हजार ग्यास वितरण हुन्थ्यो । तर साउनको १० दिनभित्र १७ हजार एलपी ग्यास वितरण भएको छ । यो निकै ठूलो परिमाण हो । यस हिसाबले एक महिनामा ५१ हजार आवश्यक पर्ने देखिन्छ ।'

प्रमुख घिमिरेका अनुसार सुर्खेतमा एलपी ग्यासको अभाव छैन । बरु अनधिकृत बिक्रेताले विभिन्न स्रोतबाट संकलन गरी भण्डारण गरेर राखेको हुनसक्ने उनले आशंका व्यक्त गरे । सञ्चारकर्मीसहित सरोकार भएका निकायले यसबारे आवश्यक अध्ययन/अनुसन्धान गर्नुपर्नेमा उनले जोड दिए । 'अभाव छैन, अभाव गराइएको छ । यसबाट आमनागरिक र पहुँच नभएका व्यक्ति मर्कामा परेका छन्,' उनले भने ।

कालिकोट घर भई हाल सुर्खेतमा बस्दै आएका अपांगता भएका व्यक्ति मनराज कठायतले दुई दिनसम्म ग्यास लिन जाँदा नपाएर खाली हात घर फर्कनुपरेको पीडा पोखे । अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र सुत्केरीलाई ग्यास वितरणमा प्राथमिकता नदिंदा पीडा हुने गरेको उनले बताए । *रासस*


**कतारमा रोजगार** कम्पनी : AL TAQWEEM ENGINEERING CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/१२/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/११ LT. No. 320803 चलानी नं.६०२३४९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 3 | 0 | 1000 | ४२,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १९ गते (4th Aug 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

**युएइमा रोजगार** कम्पनी : SRI JAY METAL TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/04/११ LT. No. 345227 चलानी नं. ६०२५८७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helpers, Gen.attendants, workers, Office Boy, Helpers, Loaders, packers & Similar Designations | 10 | 0 | 1700 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १९ गते (4th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


E.U. Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Dun Bahadur Ghale - 9803248189, Email: eubrightfuture626@gmail.com
श्रम इजाजत नं. ११७३/०७३/०७४

**युएइमा रोजगार** कम्पनी : STRONG WALLS CONSTRUCTIONS LLC

पूर्व स्वीकृति मिति : २०८३/04/११ LT. No. 345515 चलानी नं. ६०२५८७८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Electrician | 10 | 0 | 1500 | ६२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 20 | 0 | 1500 | ६२,९६० | | | | | | | |
| 3. | Iron Smith (Steel Fixer) | 35 | 0 | 1500 | ६२,९६० | | | | | | | |
| 4. | Stone Mason | 25 | 0 | 1500 | ६२,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १९ गते (4th Aug 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com
श्रम इजाजत नं. १०५०/०७३/०७४

**युएइमा रोजगार** कम्पनी : DOWN TREE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/04/११ LT. No. 345448 चलानी नं. ६०२५८७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 2 | 0 | 2000 | ८३,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १९ गते (4th Aug 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


EXCELLENT MANPOWER SERVICES PVT.LTD.
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np
श्रम इजाजत नं. १३२८/०७४/७५

**कुवेतमा रोजगार** कम्पनी : THE BAWL RESTAURANTS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/११ LT. No. 335509 चलानी नं. ६०२४९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 4 | 0 | 120 | ५९,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiters | 4 | 0 | 120 | ५९,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १९ गते (4th Aug 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Employment Link Nepal Pvt. Ltd.
Tokha-10,Tokha Road, Samakhusi, Kathmandu, Nepal, Tel: +977-4371365, 4372698, 5900079
E-mail: elndocument@gmail.com, Website: www.employmentlinknepal.com
श्रम इजाजत नं. २९९/०५८/०५९

**साउदीमा रोजगार** कम्पनी : ARK LINK ALKHALEEJIAH ESTABLISHMENT FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/04/११ LT. No. 345443 चलानी नं. ६०२५८७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 8 | 0 | 2500 | १०२८३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १९ गते (4 Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Go Source Placement Services Pvt.ltd.(Avion Human Resource Management Pvt. Ltd.)
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977-1 4599632, 9801000593, 9801000591, Email: avionhumanrm@gmail.com,, Website: www.gosourceplacementservices.com
श्रम इजाजत नं. १५२४/०७४/७५



• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति: २०८३/०४/१२**

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले मोबाइल/स्मार्ट फोन कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक किस्ता लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक टेलिफोन मार्फत मौखिक रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋणीहरुलाई सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं प्रचलित कानून बमोजिम अन्य कुनै ब्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने व्यहोरा सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशानूसार ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीको नाम | नागरिकता नम्बर | जारी जिल्ला | जारी मिति | बाबुको नाम | बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | पुष्कर राय | १९३०८३/८९९ | सर्लाही | २०६३/१२/३० | राजेन्द्र राय यादव | सुनार राय | बरहथवा-४, सर्लाही |
| व्यक्तिगत जमानीकर्ता | राम सिनेही राय | ०३२३०८९/८३१ | रौतहट | २०६३/१२/११ | फेकु राय | नानीपत राय | समनपुर-७, रौतहट |
| २ | नजिर महमद | १६३००६-५०३ | सप्तरी | २०६३/१०/२५ | सलामत मियाँ | रहमदिल मियाँ | घोघनपुर-२, सप्तरी |
| व्यक्तिगत जमानीकर्ता | महमद अकबर अली | ४५६६ | सप्तरी | २०५८/०९/२४ | सलामत मियाँ | रहमदिल मियाँ | घोघनपुर-२, सप्तरी |
| ३ | दिपेश गुरुङ | ०५-०१-७९-०५३४० | मोरङ्ग | २०७९/०४/२३ | काजी बहादुर गुरुङ | मान बहादुर गुरुङ | विराटनगर-१३, मोरङ्ग |
| व्यक्तिगत जमानीकर्ता | पवित्रा वन | ६४-०१-८०-०२१६७ | सुर्खेत | २०८०/०३/१२ | शिव वन | मनदिन वन | वीरेन्द्रनगर-२, सुर्खेत |
| ४ | संजय कुमार यादव | १५-०१-८१-०७६७९ | सिराहा | २०८१/०७/११ | शिव कुमार यादव | दुखी यादव | विष्णुपुर-१, सिराहा |
| व्यक्तिगत जमानीकर्ता | राजेश कुमार यादव | १५-०१-७१-०२८४४ | सिराहा | २०७१/०४/०८ | रामनाथ यादव | मुनेश्वर यादव | लक्ष्मीपुर प्र.म-३, सिराहा |
| ५ | पार्वती कोहार | ३७-०६-७७-०२१६४ | रुपन्देही | २०७७/१०/१२ | रिखई कोहार | रामचन्द्र कोहार | मर्चवारी-७, रुपन्देही |
| व्यक्तिगत जमानीकर्ता | नागेश्वर कुमार मौर्य | ३६-०१-७३-०६४५८ | नवलपरासी | २०७३/१०/०४ | राम शेवक कोइरी | मलखा कोइरी | गेरमी-७, नवलपरासी |
| ६ | ललिता भुजेल | ०५-०१-७५-०७०९४ | मोरङ्ग | २०७५/०७/१६ | टेक बहादुर भुजेल | डम्बर बहादुर भुजेल | केराबारी-६, मोरङ्ग |
| व्यक्तिगत जमानीकर्ता | पदम भुजेल | ०५३०४७-९५ | मोरङ्ग | २०६३/१०/०५ | टेक बहादुर भुजेल | डम्बर बहादुर भुजेल | याङशीला-९, मोरङ्ग |
| ७ | रमा वि.क. | ६६-०६-७९-०३९०५ | बाँके | २०७९/१०/१० | विर सिं बि.क. | सर बहादुर कामी | कोहलपुर-२, बाँके |
| व्यक्तिगत जमानीकर्ता | नन्दा वि.क. | ६६१०१४/१४८४ | बाँके | २०६८/१०/२० | रवीलाल सार्की | भोटे सार्की | झेना-४, बाँके |
| ८ | सिमा कुमारी चौरसिया | ३३-०१-७२-०११२३ | बारा | २०७२/०२/१४ | रामऔतार राउत बरै | सुकदेव राउत | मोतिसर-७, बारा |
| व्यक्तिगत जमानीकर्ता | विनोद कुमार मण्डल | ३३१०९५/१६६०५ | बारा | २०६८/०४/०१ | लक्ष्मी महतो धानुक | सुखारी महतो | मोतीसर-९, बारा |
| ९ | ललिता कोल | ०४३०२६/६६ | झापा | २०६३/११/१६ | चरण कोल | कारतिक लाल कोल | बालुवाडी-५, झापा |
| व्यक्तिगत जमानीकर्ता | संजय कुमार उराव | ०६७४६५३/७५६५३ | सुनसरी | २०५९/९/२९ | समपतलाल उराव | रवी उराव | बबिया-२, सुनसरी |
| १० | इन्दु देवी मण्डल | १७३०४८/६८३ | धनुषा | २०६३/१०/२५ | राम चन्द्र मण्डल | विल्टु मण्डल | धनुषाधाम-४, धनुषा |
| व्यक्तिगत जमानीकर्ता | कृष्णा साह | १७११०२/४९३५ | धनुषा | २०६७/१२/१५ | लक्ष्मी साह | श्री रामनुप साह | जनकपुर-५, धनुषा |
| ११ | प्रदिप डाँगी | ५२२०४०/१६२८ | दाङ | २०६७/१२/२० | गणेश बहादुर डागी | जय बहादुर डागी | पंचकुले-३, दाङ |
| व्यक्तिगत जमानीकर्ता | निर्मल भण्डारी | ७२८/३६७७ | दाङ | २०६०/०७/०२ | तिलकराम भण्डारी | हरिराम भण्डारी | पुरन्धारा-८, दाङ |
| १२ | सरोज नेपाली | ५२-०२-७७-००९९९ | दाङ | २०७७/०६/०९ | झुपलाल सार्की | हिरालाल सार्की | तुल्सीपुर-६, दाङ |
| व्यक्तिगत जमानीकर्ता | मिना देवी सार्की | ५२-०२-७५-०२१५४ | दाङ | २०७५/०३/१७ | चित्र बहादुर सार्की | कृष्ण सार्की | तुलसीपुर-६, दाङ |
| १३ | राजिन पोडे देउला | २८-०१-०६४-२४९० | ललितपुर | २०६४/१०/०४ | सन्त लाल पोडे | धन जित पोडे | ललितपुर-७, ललितपुर |
| व्यक्तिगत जमानीकर्ता | प्रदीप पोडे | १५३१९ | ललितपुर | २०५९/१०/२३ | सन्त लाल पोडे | एक राम पोडे | ललितपुर-७, ललितपुर |
| १४ | अर्जुन कार्की | १३-०१-७८-००१७७ | ओखलढुङ्गा | २०७८/०३/२० | शेर बहादुर कार्की | नर बहादुर कार्की | चम्पादेवी-३, ओखलढुङ्गा |
| व्यक्तिगत जमानीकर्ता | विनोद कुमार वुढाथोकी | ६३७९४/११७३३ | ओखलढुङ्गा | २०६३/०१/२४ | शीवराम वुढाथोकी | चन्द्र बहादुर वुढाथोकी | कालिकादेवी-२, ओखलढुङ्गा |
| १५ | सुर्ति कुमारी मण्डल | १६-०२-७९-०३०१५ | सप्तरी | २०७९/१०/२४ | जय प्रकाश मण्डल | अनुरुद मण्डल | हनुमाननगर कङ्कालिनी-४, सप्तरी |
| व्यक्तिगत जमानीकर्ता | बसन्त कुमार मंडल | १६-०२-८२-००८८४ | सप्तरी | २०८२/०४/०७ | जय प्रकाश मंडल | अनुरुद मण्डल | हनुमाननगर कङ्कालिनी-४, सप्तरी |
| १६ | कृष्ण कुमार यादव | १७१०१६/१८० | धनुषा | २०६७/१२/२५ | विजय यादव | राम अश्री यादव | विदेह-७, धनुषा |
| व्यक्तिगत जमानीकर्ता | पुनम कुमारी यादव | १७-०१-७६-१४१७६ | धनुषा | २०६७/०९/२९ | राम सुन्दर यादव | देव नारायण यादव | विदेह-७, धनुषा |
| १७ | रमेश पासवान | ०४३०५०/९० | झापा | २०६३/१२/३ | आनन्दी पासवान | जुखा पासवान | गौरिगंञ्ज-५, झापा |
| व्यक्तिगत जमानीकर्ता | मन्नी देवी पासवान | ०४३०५०/१७३ | झापा | २०६३/१२/९ | रंगलाल पासवान | मोतिलाल पासवान | गौरिगंज-५, झापा |

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोन: ४५४४०३५, फ्याक्स: ४५४३४१४
इमेल: info@goodwill.net.np




इन्डोनेसियाको पूर्वी जाभाको जेम्बरमा आयोजित जेम्बर फेसन कार्निभल–२०२६ को क्रममा आइतबार दर्शकहरूसँग सेल्फी लिँदै एक कलाकार । *तस्बिरः सिन्ह्वा*

# इजरायलमा चुनावी प्रतिस्पर्धा
# नेतान्याहुलाई आइसेनकोटको चुनौती

**जेरुसेलम–** इजरायलमा आगामी अक्टोबर २७ मा हुने आमनिर्वाचनलाई प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुको नेतृत्वप्रतिको जनमत परीक्षणका रूपमा हेरिएको छ । सन् २०२३ अक्टोबर ७ मा हमासले गरेको आक्रमणपछि उत्पन्न सुरक्षा, राजनीतिक र सामाजिक बहसकाबीच पूर्वसेना प्रमुख गदी आइसेनकोट प्रधानमन्त्रीका प्रमुख प्रतिस्पर्धीका रूपमा उदाएका छन् ।



हालै सार्वजनिक भएको च्यानल-१२ को सर्वेक्षणअनुसार आइसेनकोटको नेतृत्वमा गठन भएको नयाँ पार्टी 'याशर'ले १२० सदस्यीय नेसेटमा २३ सिट जित्ने प्रक्षेपण गरिएको छ भने नेतान्याहुको लिकुड पार्टी २२ सिटमा सीमित रहने अनुमान गरिएको छ । सोही सर्वेक्षणमा ४३ प्रतिशत उत्तरदाताले आइसेनकोटलाई प्रधानमन्त्रीका लागि सबैभन्दा उपयुक्त उम्मेदवार मानेका छन् भने नेतान्याहुको पक्षमा ३४ प्रतिशत मत देखिएको छ ।

सन् २०१५ देखि २०१९ सम्म इजरायली सेनाको चिफ अफ स्टाफ रहेका ६६ वर्षीय आइसेनकोटले आफ्नो चुनावी अभियानलाई सुरक्षा, राष्ट्रिय एकता र राज्यको पुनर्स्थापनामा केन्द्रित १० बुँदे कार्यक्रममार्फत अघि बढाएका छन् । उनले हमासको २०२३ को आक्रमण र त्यसपछिको गाजा युद्धसँग सम्बन्धित घटनाको स्वतन्त्र राज्यस्तरीय छानबिन आयोग गठन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उक्त आक्रमणका क्रममा भएको गुप्तचर कमजोरीबारे निष्पक्ष अनुसन्धान हुनुपर्ने माग गर्दै इजरायलमा लामो समयदेखि प्रदर्शन हुँदै आएको छ ।

नेतान्याहु नेतृत्वको सरकारले भने राजनीतिज्ञले सदस्य चयन गर्ने छुट्टै आयोगको प्रस्ताव अघि सारेको छ । आइसेनकोटले त्यसको सट्टा स्वतन्त्र अनुसन्धान आवश्यक रहेको धारणा राखेका छन् । उनले सेनाको क्षमता अभिवृद्धि, सीमाको सुरक्षा सुदृढीकरण तथा दीर्घकालीन राष्ट्रिय सुरक्षा रणनीति कार्यान्वयन गर्ने योजना पनि सार्वजनिक गरेका छन् । त्यसअन्तर्गत अति-रूढिवादी यहुदी र अरब नागरिकलाई समेत अनिवार्य राष्ट्रिय सेवामा समेट्ने व्यवस्था गर्नुपर्ने उनको प्रस्ताव छ । साथै न्यायपालिकाको स्वतन्त्रता, विधिको शासन, अल्पसंख्यक अधिकार र स्वतन्त्र प्रेसको संरक्षणलाई पनि प्राथमिकतामा राखेका छन् ।

पूर्वसैनिक कमान्डर आइसेनकोटलाई लेबनानस्थित हिजबुल्लाहविरुद्ध कडा सैन्य रणनीतिका रूपमा चिनिने 'दहिया सिद्धान्त' विकास गर्ने श्रेय पनि दिइन्छ । उक्त रणनीतिले इजरायली क्षेत्रमा आक्रमण भए शत्रुपक्षका पूर्वाधार र जनघनत्व भएका क्षेत्रमा व्यापक सैन्य प्रतिकार गर्ने अवधारणा अघि सारेको थियो ।

यद्यपि, इजरायल-प्यालेस्टिनी द्वन्द्व समाधानबारे उनको दीर्घकालीन राजनीतिक दृष्टिकोण अझै स्पष्ट नभएको विश्लेषकहरूको भनाइ छ । इजरायली थिंक ट्यांक 'मोलाड' का अनुसन्धानकर्ता ताल एलोभिट्सका अनुसार आइसेनकोटले इजरायललाई कानुनको शासनमा आधारित राज्य बनाउनुपर्नेमा जोड दिएका छन् । यसअन्तर्गत अवैध बस्ती विस्तार र बसोबास गर्नेहरूको हिंसाविरुद्ध कानुनी कारबाही हुनुपर्ने संकेत देखिएको छ ।

राजनीतिमा अपेक्षाकृत नयाँ अनुहार भए पनि गाजाको युद्धमा आफ्ना छोरा गाल तथा दुई भतिजा गुमाएपछि उनीप्रति जनसहानुभूति बढेको मानिन्छ । अनिवार्य सैन्य सेवाको पक्षमा उनले लिएको अडानले नेतान्याहुको अति-रूढिवादी गठबन्धनसँग स्पष्ट राजनीतिक भिन्नता देखाएको छ । धेरै हरेदी समुदायका पुरुषलाई सैन्य सेवाबाट छुट दिने सरकारी प्रयासको उनले निरन्तर आलोचना गर्दै युद्धकै बीच सेनालाई कमजोर बनाउने निर्णय स्वीकार्य नहुने बताएका छन् ।

मोरक्कन आप्रवासी परिवारमा जन्मेर इजरायलको भौगोलिक सीमावर्ती क्षेत्रमा हुर्किएका आइसेनकोटको पृष्ठभूमि नेतान्याहुभन्दा फरक रहेको विश्लेषण हुँदै आएको छ । विश्लेषकहरूका अनुसार उनको सन्तुलित, कम प्रचारमुखी र जिम्मेवार सार्वजनिक छविले मध्यम तथा उच्च मध्यम वर्गका मतदातालाई आकर्षित गरिरहेको छ ।

विपक्षी नेता यायर लापिड र पूर्वप्रधानमन्त्री नाफ्टाली बेनेट पनि चुनावी प्रतिस्पर्धामा रहे पनि पछिल्ला सर्वेक्षणहरूले नेतान्याहुलाई प्रत्यक्ष चुनौती दिने अवस्थामा आइसेनकोट नै सबैभन्दा बलियो उम्मेदवारका रूपमा देखिएको संकेत गरेका छन् । राजनीतिक विश्लेषकहरूका अनुसार नेतान्याहुप्रति असन्तुष्ट भए पनि परम्परागत दक्षिणपन्थी मतदाता नयाँ राजनीतिक विकल्पको खोजीमा रहेकाले त्यसको लाभ आइसेनकोटलाई पुग्न सक्ने सम्भावना बढेको छ । *रासस/एएफपी*

# जर्मनीमा प्राचीन कोइला बनाउने परम्परा जोगाउँदै दुई दाजुभाइ

**हासेलफेल्डे–** जर्मनीको हार्ज पहाडी क्षेत्रमा दुई दाजुभाइले सयौं वर्ष पुरानो परम्परागत विधिबाट काठको कोइला बनाउँदै त्यसलाई जीवित राखेका छन् । इमो फेल्डमरले धिपधिप बलिरहेको कोइलालाई माटोले बनाइएको अग्लो ढिस्कोभित्र राख्दै कोइला उत्पादनको प्रक्रिया सुरु गरे । ढिस्कोभित्र 'बिच' जातको काठलाई खाँदेर राखिन्छ, जुन हप्तौंसम्म बिस्तारै बल्दै अन्ततः कोइलामा परिणत हुन्छ ।




पूर्वी जर्मनीको हार्ज क्षेत्रमा यो परम्परा सयौं वर्षदेखि चल्दै आएको छ । 'हामी परम्परागत माटोको भट्टीमा कोइला बनाउँदै छौं, ठीक त्यसरी नै जसरी एक हजार वर्षअघि हार्ज पहाडमा गरिन्थ्यो,' फेल्डमरले हालै एसोसिएटेड प्रेस (एपी)लाई बताए ।

फेल्डमर र उनका भाइ साशाले आफ्ना बुबाबाट 'हार्जकोलेरेई स्टेमबर्गहाउस' नामक कोइला उत्पादन व्यवसाय सम्हालेका हुन् । ढिस्कोभित्र बलिरहेको काठको दिनरात निगरानी गर्नुपर्ने भएकाले उनीहरूले केही कामदारसमेत राखेका छन् । उचित निगरानी नभए काठ पूर्णरूपमा जलेर कोइलाको सट्टा खरानीमा परिणत हुन सक्छ ।

माटोले ढाकेपछि 'बिच' काठमा रहेका हावा छिर्ने स-साना प्वालमार्फत माथिदेखि तलसम्म बिस्तारै दहन हुन्छ । दहन पूरा भएपछि कोइलाबाट माटो हटाइन्छ र चिसिएपछि बिक्रीका लागि १० किलोग्रामका बोरामा प्याक गरिन्छ । हार्ज क्षेत्रमा खनिज उत्खननका लागि काठको कोइला कुनै समय अत्यावश्यक थियो । चाँदी, सिसा, तामा र जस्ता धातु निकाल्न खनिजलाई उच्च तापक्रममा भट्टीमा पगाल्नुपर्थ्यो, जसका लागि कोइलाबाट प्राप्त हुने उच्च ताप आवश्यक हुन्थ्यो ।

शताब्दीयौंसम्म हार्ज क्षेत्रका सयौं परिवारले कोइला बनाउने कामबाट जीविकोपार्जन गरे । अहिले भने उक्त क्षेत्रमा खनिज उत्खनन हुँदैन र जर्मनीमा परम्परागत विधिबाट कोइला बनाउने व्यवसायी पनि निकै कम छन् । फेल्डमर दाजुभाइले उत्पादन गर्ने कोइला मुख्यतः घरमा बार्बेक्युका लागि प्रयोग गर्ने ग्राहकलाई बिक्री गर्छन् । उनीहरूले वार्षिक करिब ४० टन कोइला उत्पादन गर्छन् ।

फेल्डमरका अनुसार उनीहरूको कोइला शुद्ध बिच काठबाट बनाइन्छ । जर्मनीका हार्डवेयर पसलमा बिक्री हुने अधिकांश कोइला भने आयातीत हुने र विभिन्न प्रकारका काठ तथा अन्य सामग्री प्रयोग गरेर उत्पादन गरिने उनको दाबी छ । वार्षिक उत्पादनबाट मात्र व्यवसाय सञ्चालन गर्न कठिन हुने भएकाले दाजुभाइले कोइला उत्पादनको इतिहास झल्काउने संग्रहालय, सानो पसल र रेस्टुरेन्टसमेत सञ्चालन गरेका छन् । रेस्टुरेन्टमा स्थानीय परिकारका साथै आफ्नै उत्पादनको बर्च कोइलामा ग्रिल गरिएको स्टेकलगायतका खाना पाइन्छ ।

जर्मनीमा परम्परागत कोइला उत्पादनको कला लोप हुने अवस्थामा पुगे पनि फेल्डमरले आफ्नो परिवारले यसलाई आगामी पुस्तासम्म निरन्तरता दिने आशा व्यक्त गरेका छन् । 'हामी आशा गर्छौं कि हाम्रा बच्चाले पनि यो व्यवसाय सम्हाल्ने छन्, यसको सञ्चालन जारी रहने छ र यहाँको परम्परागत कोइला बनाउने शिल्प सुरक्षित रहने छ,' उनले भने । *रासस/एपी*

# सियाटल फुड फेस्टिभलमा गोलीकाण्ड, दुईको मृत्यु




**सियाटल–** अमेरिकाको सियाटलस्थित स्पेस निडल नजिक आयोजना गरिएको लोकप्रिय 'बाइट अफ सियाटल' फुड फेस्टिभलमा आइतबार साँझ भएको गोलीकाण्डमा दुई जनाको मृत्यु भएको छ भने दुई वर्षीय बालकसहित पाँच जना घाइते भएका छन् । प्रहरीले घटनाको अनुसन्धान थालेको छ भने आक्रमणकारी पक्राउ परेका छन् वा छैनन् भन्नेबारे तत्काल जानकारी दिएको छैन ।

सहरको फायर डिपार्टमेन्टकी प्रवक्ता ग्रेस नुनेजका अनुसार गोली लागेर दुई जनाको घटनास्थलमै मृत्यु भएको हो । घाइते पाँच जनालाई हार्बरभ्यू मेडिकल सेन्टरमा उपचारका लागि लगिएको छ । घाइतेमध्ये ५६ वर्षीया महिलाको अवस्था गम्भीर छ भने दुई वर्षीय बालक, २३ वर्षीय पुरुष र ३९ वर्षीया महिलाको अवस्था स्थिर रहेको जनाइएको छ । अर्की ४० वर्षीया महिलालाई सामान्य चोट लागेको छ ।

वार्षिकरूपमा आयोजना हुने यस महोत्सवमा सयौं खाद्य तथा खुद्रा व्यवसायी, कलाकार र ठूलो संख्यामा सर्वसाधारण सहभागी भएका थिए । स्थानीय समयअनुसार साँझ करिब ६ बजे कार्यक्रम समापनतिर अघि बढिरहेका बेला गोली चलेपछि सहभागीहरू भागाभाग गर्न बाध्य भएका थिए । त्यसपछि ठूलो संख्यामा प्रहरी र उद्धारकर्मी परिचालन गरी सियाटल सेन्टर परिसर खाली गराइएको थियो ।

वासिङ्टन राज्यका गभर्नर बब फर्गुसनले घटनाबारे नियमित जानकारी लिइरहेको र स्थानीय प्रहरीलाई सहयोग गर्न राज्य प्रहरीको स्वाट टोली परिचालन गरिएको बताएका छन् । उनले पीडितका परिवारप्रति समवेदना व्यक्त गर्दै उद्धार तथा सुरक्षा कार्यमा खटिएका सुरक्षाकर्मीको प्रशंसा गरे ।

प्रत्यक्षदर्शी फेथ आदिया हन्टरका अनुसार उनीहरू खाना किनेर फर्किरहेका बेला अचानक गोली चलेको थियो । बन्दुकधारी नजिकै रहेको थाहा पाएपछि आफूहरू अन्य मानिससँगै नजिकैको भवनतर्फ भागेर सियाटल बाल संग्रहालयमा आश्रय लिएका उनले बताए ।

अर्का प्रत्यक्षदर्शी रोबर्टो रामिरेजले सुरुमा पटाका पड्किएको जस्तो आवाज सुने पनि केहीबेरमै मानिसहरूले 'शूटर' भन्दै चिच्याउँदै भाग्न थालेपछि स्थिति स्पष्ट भएको बताए । उनका अनुसार केही समयमै पूरा क्षेत्र खाली भएको थियो र मानिसहरू त्रसित बनेका थिए ।

एस्टान वाकोनाबोले आफू प्रेमिकासँग फोटो बुथको लाइनमा रहेका बेला भीड एक्कासि भाग्न थालेको र त्यसपछि लगातार गोली चलेको आवाज सुनेको बताए । उनका अनुसार भागदौडका क्रममा मानिसहरू लडिरहेका, बालबालिकाका स्ट्रोलरसमेत पल्टिएका र घटनास्थलमा धेरै घाइते देखिएका थिए ।

सन् १९८२ देखि आयोजना हुँदै आएको 'बाइट अफ सियाटल' तीनदिने खाद्य तथा सांस्कृतिक महोत्सव हो । आयोजकका अनुसार यस कार्यक्रममा हरेक वर्ष करिब तीन लाख ५० हजार सहभागी हुने गरेका छन् । *रासस/एपी*

# फ्रान्स-स्पेनमा डढेलोको कहर तीन लाखभन्दा बढी विस्थापित

**बोर्डेक्स–** फ्रान्स र स्पेनमा फैलिएको भीषण डढेलो नियन्त्रणबाहिर जाँदै गर्दा तीन लाख २५ हजारभन्दा बढी मानिस घर छाड्न बाध्य भएका छन् । मौसमविद्ले नयाँ उष्ण लहर आउने चेतावनी दिएसँगै आगो अझ फैलिने जोखिम बढेको छ भने दुवै देशले ठूलो संख्यामा अग्निनियन्त्रक, सैनिक र सुरक्षाकर्मी परिचालन गरेका छन् ।

दक्षिणपश्चिम फ्रान्सको गिरन्डे क्षेत्र र स्पेनको म्याड्रिड आसपासका क्षेत्रमा लागेको आगो दुवै देशको इतिहासकै सबैभन्दा विनाशकारी डढेलोमध्ये एक बनेको अधिकारीहरूले बताएका छन् । फ्रान्समा डढेलोका कारण 'पाइरोकुमुलोनिम्बस' भनिने विशाल आगोको बादल बनेको छ । यस्तो बादलले आफ्नै हावाको प्रणाली सिर्जना गरी नयाँ स्थानमा चटचाङमार्फत थप आगो फैलाउने जोखिम बढाएको फ्रान्सको राष्ट्रिय अग्निनियन्त्रक महासंघले जनाएको छ ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले आपत्कालीन अवस्थाबारे छलफल गर्न सोमबार संकट व्यवस्थापन बैठक बोलाएका थिए । स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले पनि आगो प्रभावित भ्यालेन्सिया क्षेत्रको स्थलगत निरीक्षण गरेका छन् । उनले यसअघि कठिन अवस्था अझै बाँकी रहेको चेतावनी दिएका थिए ।

स्पेनका अधिकारीहरूका अनुसार अविला क्षेत्रमामात्रै करिब ७७ हजार हेक्टर क्षेत्रफलमा फैलिएको आगो नियन्त्रणका लागि २८० किलोमिटर परिधिमा अभियान सञ्चालन भइरहेको छ । भ्यालेन्सिया क्षेत्रमा थप डढेलो फैलिँदा १५ हजारभन्दा बढी स्थानीय बासिन्दा विस्थापित भएका छन् । म्याड्रिड, अविला, टोलेडो र कास्टेलन क्षेत्रबाट करिब ७५ हजार मानिस सुरक्षित स्थानमा सारिएका छन् ।

फ्रान्सको गिरन्डे क्षेत्रमा करिब दुई लाख २० हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । ४५ वटा शिविर बन्द गरिएका छन् भने करिब ४० हजार पर्यटकको बिदा प्रभावित भएको छ । स्थानीय प्रशासनले स्काउट शिविर र अपांगता भएका व्यक्तिका लागि सञ्चालित बिदा शिविरसमेत बन्द गर्न आदेश दिएको छ ।

आगोले बुधबारयता गिरन्डे क्षेत्रमा ४२ हजार हेक्टर वन क्षेत्र र कम्तीमा २४० घर ध्वस्त पारेको छ । बोर्डेक्सको दक्षिणतर्फको मुख्य राजमार्ग र रेल सेवा अवरुद्ध भएका छन् । रक्षा मन्त्रालयले बोर्डेक्स आसपासका एयरोस्पेस उद्योगको सुरक्षाका लागि विशेष व्यवस्था मिलाइएको जनाएको छ ।

आगो नियन्त्रणका क्रममा गिरन्डे क्षेत्रमा ८४ जना अग्निनियन्त्रक घाइते भएका छन् । तीमध्ये १० जनालाई उपचारका लागि अन्यत्र सारिएको छ । फ्रान्सका अग्निनियन्त्रक संघले विषाक्त धुवाँबाट जोगिने पर्याप्त सुरक्षात्मक सामग्रीको अभाव रहेको जनाएको छ ।

हाल गिरन्डे क्षेत्रमा करिब दुई हजार ५०० अग्निनियन्त्रक, एक हजार ५०० सैनिक र एक हजार २०० प्रहरी परिचालन गरिएका छन् । बोर्डेक्सका मेयर थोमस क्याजेनाभले सहर खाली गर्ने कुनै योजना नरहेको तर अवस्था निरन्तर निगरानीमा रहेको बताएका छन् । वैज्ञानिकहरूले जलवायु परिवर्तनका कारण यस्ता चरम डढेलो झन् तीव्र र बारम्बार हुन थालेको बताएका छन् । मौसमविद्का अनुसार फ्रान्सका केही क्षेत्रमा आगामी दिनमा तापक्रम ४० डिग्री सेल्सियससम्म पुग्न सक्ने अनुमान छ ।

स्पेनका राजा फेलिप छैटौंले डढेलोले देशको प्राकृतिक सम्पदामा अकल्पनीय क्षति पुऱ्याएको बताउँदै प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाएका छन् । पोप लियो चतुर्थले पनि फ्रान्स र स्पेनका प्रभावित समुदाय तथा उद्धारकर्मीका लागि प्रार्थना गर्न विश्व समुदायलाई आह्वान गरेका छन् ।

यसैबीच इटालीको दक्षिणी पुग्लिया क्षेत्रमा पनि डढेलो फैलिँदा पेसचिची आसपासबाट ४०० भन्दा बढी पर्यटक र समुद्र किनारमा रहेका सर्वसाधारणलाई समुद्री मार्गबाट सुरक्षित स्थानमा सारिएको छ भने थप उद्धार कार्य जारी रहेको अधिकारीहरूले जनाएका छन् । *रासस/एएफपी*


**साउदीमा रोजगार** कम्पनी : ABDULLAH RASHID MOHAMMED AL MAADI TRANSPORT

पूर्व स्वीकृति मिति : २०८३/०४/११ | LT. No. 345470 | चलानी नं. ६०२५८७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | 2500 | १,०२,८३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ साउन १९ गते (4th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075

**Sulav Recruitment Pvt.Ltd.**

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Baburam Dahal 9803123205

Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

**मलेसियामा रोजगार** कम्पनी : KURNIAWAN SECURITY SERVICES SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/१९ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०४/११ | LT. No. 334798 | चलानी नं. ६०२२८४०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 8 | 0 | 1700 | ६३,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KURNIAWAN SECURITY SERVICES SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०४/११ | LT. No. 335056 | चलानी नं. ६०२२८४०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 7 | 0 | 1700 | ६३,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १९ गते (4th Aug 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT Govt. License No. 1016/068/69

**RADIANT OVERSEAS PVT. LTD.**

Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,

E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २८८५०० | प्रति तोला - ० | प्रति तोला - ४४४५ |



**सडकमै व्यापार** | कास्कीको पोखरा महानगरपालिका-९ पृथ्वीचोकको बसपार्क क्षेत्रको सडक किनारमा बसेर तरकारी बेच्दै व्यवसायी । महानगरले त्यहाँ रहेका घरटहरा हटाएपछि व्यवसायीले खुला ठाउँमा बसेर व्यवसाय गर्दै आएका छन् । *तस्बिरः रासस*

## राजस्व संकलनमा अर्जुनदृष्टिका साथ काम गर्न अर्थमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राजस्व संकलनको बिग्रिएको लय सुधार र चुहावट नियन्त्रणमा विशेष ध्यान दिन मातहतका निकायलाई निर्देशन दिएका छन् ।

सोमबार अर्थ मन्त्रालयमा आयोजित वार्षिक राजस्व समीक्षा बैठकलाई सम्बोधन गर्दै उनले चालु आर्थिक वर्षको राजस्व संकलनको लक्ष्य, समयसीमा र उद्देश्य स्पष्ट रहेकाले भन्सार तथा राजस्व प्रशासनका अधिकारीले अर्जुनदृष्टिका साथ काम गर्नुपर्ने बताए । उनले नयाँ आर्थिक वर्षको राजस्व संकलन लक्ष्यलाई 'मिसन मोड'मा अघि बढाउन निर्देशन दिए । विगतमा राजस्व संकलनको लय बिग्रिएको र चुहावटका गुनासा बढ्दै गएको उल्लेख गर्दै अब यस्तो अवस्था सह्य नहुने बताए ।

कर संकलनको लक्ष्य वैज्ञानिक र यथार्थपरक बनाउनुपर्नेमा जोड दिँदै उनले कर प्रशासकलाई सहज कार्यशैलीबाट बाहिर निस्केर परिणाममुखी रूपमा काम गर्न आग्रह गरे । करदातालाई दबाब दिएर होइन, प्रोत्साहित गरेर करको दायरामा ल्याउनुपर्ने उनको भनाइ थियो ।

राजस्व लक्ष्य प्राप्तिका लागि आवश्यक

> ▸▸ अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नयाँ आर्थिक वर्षको राजस्व संकलन लक्ष्यलाई 'मिसन मोड'मा अघि बढाउन निर्देशन दिए । उनले विगतमा राजस्व संकलनको लय बिग्रिएको र चुहावटका गुनासा बढ्दै गएको उल्लेख गर्दै अब यस्तो अवस्था सह्य नहुने बताए ।

स्रोत-साधन उपलब्ध गराउन सरकार तयार रहेको उनले बताए। साथै नागरिकमा करसम्बन्धी जनचेतना अभिवृद्धि गर्न, सरकारले घोषणा गरेको कर छुट योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा करदाता प्रोत्साहन कार्यक्रमलाई सुदृढ बनाउन निर्देशन दिए ।

राजस्व छली नियन्त्रणका लागि प्राविधिक उपकरणको प्रयोग बढाउन भन्सार विभाग र आन्तरिक राजस्व विभागलाई निर्देशन दिँदै उनले तीन महिनाभित्र देशका प्रमुख १४ भन्सार कार्यालयमा सवारीसाधन स्क्यानर जडानको काम अघि बढाउन आग्रह गरे । यसअघि सञ्चालनमा आएर बिग्रिएका स्क्यानर मर्मत गरी पुनः सञ्चालनमा ल्याउन पनि निर्देशन दिए ।

भन्सार तथा कर चुहावट हुने क्षेत्रको सूक्ष्म अनुगमन गर्न र व्यवसायीलाई प्रणालीबारे जानकारी गराएर करको दायरामा ल्याउनुपर्नेमा पनि उनले जोड दिए ।

बैठकमा अर्थ सचिव डा. घनश्याम उपाध्यायले कर तथा राजस्व संकलनमा देखिएको कमीका कारण पहिचान गरी सुधारका उपाय अपनाउन मातहतका अधिकारीलाई निर्देशन दिए । बाहिर देखिएको आर्थिक गतिविधि र राजस्व तथ्यांकबीच बेमेल देखिएकाले त्यसको कारण खोजेर सुधार गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा राजस्व महाशाखा प्रमुख एवं सहसचिव उत्तरकुमार खत्रीले राजस्व संकलनको अवस्था र आगामी लक्ष्यबारे प्रस्तुतीकरण गरे । भन्सार विभागका महानिर्देशक यमलाल भूसालले भन्सार राजस्वको प्रगति तथा आगामी कार्ययोजना प्रस्तुत गरे भने आन्तरिक राजस्व विभागका उपमहानिर्देशक जनकराज शर्माले सरकारले घोषणा गरेको राजस्व छुट योजना तथा कर प्रोत्साहन कार्यक्रम कार्यान्वयनका लागि विभाग सक्रिय रहेको बताए ।

## दूग्ध किसानलाई साढे पाँच करोड अनुदान

■ प्रभाव संवाददाता

**गण्डकी–** आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशका ११ हजार २३२ किसानले रु पाँच करोड ५८ लाख रकम प्राप्त गरेका छन् । गण्डकी प्रदेशले उक्त रकम प्रोत्साहनका रूपमा प्रदान गरेको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले जनाएको छ ।

मापदण्डअनुसार छनोट भएका दुग्ध सहकारीमार्फत किसानलाई प्रोत्साहन सहयोग उपलब्ध गराउने गरिएको मन्त्रालयका वरिष्ठ पशु विकास अधिकृत डा. शोभा शर्माले जानकारी दिइन् । उनले दैनिक २०० लिटर र वार्षिक २०० दिन दूधको कारोबार गर्ने सहकारी संस्थाले प्रोत्साहन स्वरूपको रकम प्राप्त गर्न सक्ने मापदण्ड रहेको बताइन् ।

हरेक आवमा कम्तीमा ३० दिन सहकारीमा दूध बिक्री गर्ने किसानले प्रोत्साहन सहयोग प्राप्त गर्ने गरेका छन् । एउटा सहकारीलाई बढीमा रु १७ लाख ५० हजारसम्म प्रोत्साहन सहयोग गर्ने गरिएको वरिष्ठ पशु विकास अधिकृत डा शर्माले बताइन् ।

'किसानलाई प्रतिलिटर दूधमा रु पाँचका दरले प्रोत्साहन सहयोग दिने गरिएको छ, कतिपय सहकारीमा माग धेरै हुँदा प्रोत्साहन रकम केही कम पनि हुने गरेको छ,' उनले भने । सहकारीले प्राप्त गरेको प्रोत्साहन रकममा चार प्रतिशत कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि र बाँकी ९६ प्रतिशत किसानलाई वितरण गरिएको छ ।

## सेयर बजारमा ३३ अंकको गिरावट

**काठमाडौं (प्रस)–** अघिल्लो कारोबार दिन ७.९० अंक बढेको सेयर बजार सोमबार ३३.२८ अंक घटेको छ । यो कमीसँगै बजारको परिसूचक नेप्से २७०१ अंकमा झरेको छ ।

कारोबार खुलेपछि बढेको बजार १२ : १३ बजे २७४४ अंकसम्म पुगेको थियो । त्यसपछि बजार अन्तिम समयसम्म ओरालोमा रह्यो । कारोबार रकम बढेको छ । अघिल्लो दिन ४ अर्ब ६७ करोडको कारोबार भएकोमा ६ अर्ब ७ करोडको भयो । सोमबार ३५ कम्पनीको मूल्य बढ्दा २३५ को घट्यो भने ५ को स्थिर रह्यो । बैंकिङ समूह ०.१० प्रतिशत बढ्यो । उत्पादन तथा प्रशोधन समूह सबैभन्दा धेरै २.३० प्रतिशत घट्यो ।

त्यस्तै व्यापार २.२३, होटल तथा पर्यटन २.२२ प्रतिशत घटे । विकास बैंक १.८२, फाइनान्स ०.७०, जलविद्युत् १.९०, लगानी ०.७०, जीवन बीमा १.२५, माइक्रोफाइनान्स १.२७, निर्जीवन बीमा १.२१ तथा अन्य १.६९ प्रतिशत घटे । हालै सूचीकृत भएको नयाँ कम्पनी एभरेस्ट कलरको मूल्य १५ प्रतिशत बढ्यो । त्यस्तै गोर्खाज फाइनान्सको ३.८६, धौलागिरि लघुवित्तको ३.११ प्रतिशत बढ्यो ।

आत्मनिर्भर लघुवित्तको १३.३८, कर्पोरेट डेभलपमेन्ट बैंकको ९.६३, कालंगा हाइड्रोपावरको ८.५२, सालपा विकास बैंकको ८.१९ तथा होटल फरेस्ट इनको ७.५७ प्रतिशत मूल्य घट्यो ।

### कर्पोरेट

## ग्लोबल आइएमई बैंकको खाता नागरिक एपबाटै खुल्ने




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले नागरिक एपसँगको सहकार्यमा बैंक खाता खोल्न सकिने सुविधा सार्वजनिक गरेको छ । नागरिक एपमा आवद्ध नेपाली नागरिकले राष्ट्रिय परिचयपत्रको आधारमा एपमार्फत बैंकको वेवसाइटमा रहेको क्यूआर कोड स्क्यानगरी व्यक्तिगत बचत खातामा खोल्न सक्नेछन् । नागरिक एप प्रयोगकर्ताहरूले ग्लोबल आइएमई बैंकमा खाता खोल्नको लागि आवश्यक पर्ने क्यूआर कोड उल्लेखित लिङ्कमा क्लिक गरि पाउनेछन् ।

नेपालमै पहिलो पटक सुरु गरिएको यस सेवाले आम नागरिकलाई बैंक खाता खोल्न थप सहज बनाएको छ । यस अन्तर्गत १८ वर्ष वा सोभन्दा माथिका राष्ट्रिय परिचयपत्र बनाई नागरिक एपमा आबद्ध भएका नागरिकहरूले अनलाइनबाटै ग्लोबल आइएमई बैंकमा खाता खोल्न सक्नेछन् । यसका लागि बैंकले नागरिक एपमा आबद्ध व्यक्तिको पूर्व सहमति लिई खाताको लागि आवश्यक व्यक्तिगत विवरण नागरिक एपबाट सुरक्षित रूपमा प्राप्त गर्नेछ ।

यसबाट व्यक्तिगत विवरण पुनः प्रविष्ट गर्नुपर्ने झन्झट हट्नुका साथै ग्राहकको गोपनियता तथा सूचनाको सुरक्षासमेत सुनिश्चित हुनेछ । नागरिक एपमार्फत् खोलिएको खाता सञ्चालनको लागि ग्राहकले आफ्नो नजिक रहेको शाखा कार्यालयमा गई वा भिडियो केवाईसी मार्फत प्रमाणीकरण गर्नुपर्नेछ । यस सेवाको सुरुवातसँगै ग्लोबल आइएमई बैंकले सरकारी डिजिटल पूर्वाधारको उपयोग गर्दै सुरक्षित, सरल तथा भरपर्दो डिजिटल बैंकिङ सेवाको विस्तार गरेको छ । नागरिक एपसँगको सहकार्यले खाता खोल्ने प्रक्रियालाई थप सहज, पारदर्शी तथा प्रविधिमैत्री बनाउनुका साथै आधुनिक बैंकिङ अनुभव प्रदान गर्ने विश्वास बैंकले लिएको छ ।

विगत लामो समयदेखि आधुनिक प्रविधि र उत्कृष्ट ग्राहक सेवाका कारण विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधामा सम्मानित हुँदै आएको ग्लोबल आइएमई बैंकले 'बैंक अफ द इयर २०१४', 'बेस्ट इन्टरनेट बैंक २०१६', तथा सन् २०२४, २०२५ र २०२६ मा लगातार 'बेष्ट बैंक नेपाल' को उपाधि प्राप्त गरिसकेको छ । यस्तै बैंकले युरोमनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४ र बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित पुरस्कारहरू समेत हात पारेको छ ।

## नागरिक लगानी कोष र राइनास नगरपालिकाबीच सम्झौता



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र लमजुङको राइनास नगरपालिकाबीच नागरिक पेन्सन योजना सञ्चालन गर्नेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौतामा सोमबार कोषका नि.कार्यकारी निर्देशक शोभा श्रेष्ठ सुवेदी र नगरपालिकाका नगर प्रमुख खड्गबहादुर गुरुङले हस्ताक्षर गरेका हुन् ।

सम्झौता अनुसार नगरपालिकाले आफ्ना करार कर्मचारीलाई नागरिक पेन्सन योजनामा आबद्ध गराउनेछ । यसको लागि पालिकाको तर्फबाट दुई हजार पाँच सय रूपैयाँ र कर्मचारीको तर्फबाट पनि सोही बराबरको रकम गरी प्रति कर्मचारी मासिक पाँच हजार रूपैयाँ कोषमा जम्मा हुनेछ । सम्झौता अनुसार सहभागी कर्मचारीले कोषको नियमानुसार एकमुष्ठ वा ६० वर्ष उमेर पूरा भएपछि पेन्सन सुविधा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ । पेन्सन लिन सुरु गरिसकेपछि सहभागीको मृत्यु वा बेपत्ता भएको अवस्थामा नियमानुसार पति वा पत्नीले सुविधा पाउने तथा दुवैको मृत्यु भएमा खातामा बाँकी रहेको रकम कानुनी हकवालालाई उपलब्ध गराइने उल्लेख छ ।

योजनामा सहभागी कर्मचारीको विवरण, केवाईसी र व्यक्तिगत खातासम्बन्धी अभिलेख नगरपालिकाले अद्यावधिक गरी कोषलाई उपलब्ध गराउनुपर्नेछ ।कर्मचारीको रोजगारी समाप्त भएमा वा नगरपालिकाले योगदान जम्मा गर्न बन्द गरेमा सम्बन्धित व्यक्तिले आफ्नो खाता सञ्चालन गर्न वा बाँकी रकम फिर्ता लिन सक्नेछन् ।

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाइट बालेर हिँड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरू बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ